का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ साउन २०७९,
आइतबार
14 August 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १९० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




समस्या उस्तै

# अपेक्षा विपरित नतिजा

फोहोरलाई मोहोर बनाउने सपना देखाएर भोट मागेका बालेन्द्र शाहले स्वतन्त्रबाट काठमाडौं महानगरपालिकाको मेयर पद जिते । तर, उनको योजनाबारे नागरिकहरु अझै बेखबर छन् । बरु फोहोरको समस्या उस्तै छ । नागरिकहरुले भन्न थालेका छन्- बालेन मेयर भएर पनि समस्या उस्तै रह्यो ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २८ साउन ।

३० वैशाखमा स्थानीय तहको निर्वाचन हुँदै थियो । त्यसभन्दा अघि सायदैले आंकलन गरेका थिए काठमाडौंले राजनीतिक दलबाहिरबाट नेतृत्व छान्छ । तर, फोहोरलाई मोहोर बनाउने सपना देखाएर भोट मागेका बालेन्द्र शाहले स्वतन्त्रबाट काठमाडौं महानगरपालिकाको मेयर पद जिते । शाहले स्वतन्त्रबाट काठमाडौं महानगरपालिकाको मेयर पदमा जित हासिल गर्दा सबैभन्दा ठूलो दल नेकपा (एमाले)का उम्मेदवार केशव स्थापित र दोश्रो ठूलो दल नेपाली कांग्रेसकी उम्मेदवार सिर्जना सिंहलाई भारी मतान्तरले पराजित भए ।

मिडिया, नागरिक समाज, सिंगो युवा जमातले प्रमुख दलका नेता र कार्यकर्ता, बुद्धिजीवीको साथ पाउन उनले काठमाडौंको 'फोहर व्यवस्थापन'लाई चुनावी मुद्दा बनाएका थिए । त्यसका अतिरिक्त स्मार्ट र आधुनिक काठडौं सहर, सुशासनयुक्त सेवा प्रवाह उनका मुख्य एजेण्डा थिए । ' आर्किटेक' इन्जिनियर भएको नाताले पनि मतदाताहरुले विश्वास गरे । चुनाव जितेको बल्ल तीन महिना भएको छ । यो बीचमा उनले धेरै गर्न खोजेको देखिन्छ भने केही निर्णयका कारण आलोचना पनि उत्तिकै खेप्नु परिरहेको छ । पदभार ग्रहण गरेपछि राष्ट्रपति, उपराष्ट्रपति,

– बाँकी पृष्ठ २ मा

# चालु अधिवेशन: प्राथमिकतामा कानून निर्माण

संसदको चालु अधिवेशन बजेट पारित गरेर कानुन निर्माणमा केन्द्रीत भएको छ । लामो समय अड्किएका विधेयकहरु धमाधम पारित भइरहेका छन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २८ साउन ।

सामान्यतया संसदको बर्षे अधिवेशनलाई बजेट अधिवेशन भनिन्छ । तर, संसदको चालु अधिवेशन बजेट पारित गरेर कानुन निर्माणमा केन्द्रीत भएको छ । लामो समय संसदमा प्रक्रयामै अड्किएका विधेयकहरु धमाधम पारित भइरहेका छन् ।



कानुन न्याय तथा संसदीय मामिलामन्त्री गोविन्द बन्दीका अनुसार अधिवेशन अझै लम्ब्याउने र महत्वपुर्ण विधेयकहरु पारित गर्ने सरकारको योजना छ । पाँच वर्षे कार्यकार सकिनै लागेको प्रतिनिधिसभाबाट अझै थुप्रै कानुन बनाउनुपर्ने बन्दी बताउँछन् । साउन २६ गते प्रतिनिधिसभामा बोल्दै बन्दीले भनेका छन्, 'यो पार्लियामेन्ट अझै चल्छ । थुप्रै कानुनहरु बनाउँछ ।'

अहिले प्रतिनिधिसभाको ११औं अधिवेशन चलिरहेको छ । तर, हिउँदे अधिवेशनको झल्को दिने गरी धमाधम सार्वजनिक महत्वका विधेयक पारित भइरहेका छन् । चालु अधिवेशनबाट मात्रै संघीय संसदका दुवै सदन प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित भइ प्रमाणीकरण भएका विधेयकको संख्या करिब दुई दर्जन छ । संघीय संसद सचिवालयका अनुसार चालु

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मलेसिया र बंगलादेशबीच कामदार भर्ना सम्बन्धी सम्झौता

# नेपाल आउने मागमा ठाडो असर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ साउन

मलेसिया र बंगलादेशबीच गत डिसेम्बरमा सम्पन्न कामदार भर्ना सम्बन्धी सम्झौता कार्यान्वयनमा आएको छ ।

गतहप्ता सम्झौता अनुसारको पहिलो ब्याचका कामदार मलेसिया पुगेसँगै गतवर्षको द्विपक्षीय सम्झौता कार्यान्वयनमा आएको मलेसियाका मानव संशाधन मन्त्री एम साराभानन्ले बताए । मलेसियामा बंगलादेशका कामदार नेपाली कामदारका प्रतिस्पर्धी रूपमा रहेका छन् ।

मलेसिया र बंगलादेशबीच भएको बंगलादेशका कामदार लैजाने सम्झौता आगामी ५ वर्षसम्म कार्यान्वयन हुने मलेसियाका सञ्चार माध्यमहरूले जनाएका छन् । मलेसिया पुगेको बंगलादेशी कामदारको पहिलो ब्याचलाई मलेसियाको म्यान फ्याक्चरिङ क्षेत्रमा रोजगारी प्रदान गरिएको छ । मन्त्री साराभानन्का अनुसार मलेसियामा रहेको बंगलादेशको उच्चायुक्तको कार्यालयले ८० स्थानीय रोजगारदाताले पेश गरेका ६ हजार बंगलादेशी कामदारको आवेदन प्रमाणीकरण गरेको छ । ती कामदार पनि सकेसम्म छिटो मलेसिया पुग्नेछन् ।

बंगलादेशी कामदार हरूलाई आफ्नो कम्पनीमा काममा लगाउन चाहने रोजगारदाताहरूले अध्यागमन विभागमा शुल्क तिरेर रोजगार सम्झौता र रोजगार प्रमाणीकरण कागजातहरूसहित उच्च आयोगमा आवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

नेपाल र मलेसियाबीच दुई वर्ष अगाडि कात्तिक १२ मा उत्साहका साथ श्रम समझदारी भएपनि धेरै ढिलोगरी नेपाली कामदार जान शुरू गरेका हुन् ।

यता नेपालले भने रोजगारदाताले नै कामदारको लागत व्यहोर्ने 'इम्प्लाइमेन्ट पे' मोडलमा कामदार पठाउने अडान राखेको छ । उक्त अडान अनुसार नै श्रम समझदारी बनेको छ । तर मलेसियाली रोजगारदाताले नेपालबाट कामदार लैजाँदा लागत बढेको गुनासो गरेका छन् ।

# रोकिएन अन्यायको मिटर

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २८ साउन ।



पछिल्लो समय चर्को ब्याजदरमा पैसा ऋण दिने र त्यसको ब्याज थप्दै लगेर डब्बल तेब्बर बनाउने घटना बढ्न थालेपछि देशभरि नै आन्दोलन हुन थालेको छ । काठमाडौं उपत्यकामा मात्रै नभई मधेशका धेरै जिल्लाहरुमा यसले ब्यापक रुप लिन थालेपछि चर्को विरोध भएको हो ।

केही समयअघि नवलपरासीका एक व्यक्तिले छोरीको विवाहका लागि भनेर ६ लाख ऋण लिएका थिए । उनले ९ वर्ष लगाएर उक्त ऋणको ब्याज सहित २२ लाख तिरे तर, साहुले थप २९ लाख मागेपछि हर्ट अट्याकबाट उनको मृत्यु भएको छ । उनको परिवार अहिले सरकारलाई गुहारेर न्यायको खोजीमा हिँडिरहेको छ । त्यस्तै, २०७७ पुसमा विराटनगर-९ का मिटरब्याजमा लगानी गर्ने गिरोहका नाइके एजाज अहमदको पक्राउ पनि परेका थिए । ३२ वर्षीय एक पुरुषलाई १५ लाख रुपैयाँ ऋण दिएर अपहरण गरी १ करोड १० लाख रुपैयाँ असुलेको आरोप लागेका उनलाई जिल्ला अदालत मोरङले २०७७ माघ ५ गते ९ लाख धरौटीमा छाडेको थियो।


यी परिवार त प्रतिनिधि पात्र मात्रै हुन्, पछिल्लो समय राजनीतिक पावरको आडमा बसेर गरिबहरुबाट साँवा भन्दा पनि डबल तेब्बर ब्याज लिने र केही नलागे घरबारी नै लिलामी गर्दिने अवस्था समेत देखिएको छ । हुनत, घरायसी सरसापट तथा खर्च टार्न एकले अर्कोलाई आर्थिक सहयोग गर्नुलाई प्रचलित कानुनले रोकतोक गरेको छैन । तर, यसलाई कतिपयले आयआर्जनको मुख्य आधार बनाई अकुत सम्पति कमाउने माध्यम बनाउँदै आएका छन् ।

> वर्षौदेखि चल्दै आएको यो धन्दा रोक्न सरकारले कडा कानून नबनाउने हो भने पीडित थप पीडामा पर्ने स्पष्ट छ ।

'मिटरब्याजी विरुद्ध स्पष्ट कानुनी उपचार छैन, प्रमाण नपुगे मुद्दा चलाउनै समस्या हुन्छ' प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले भने । प्रहरीका अनुसार बैङ्किङ कसुर अन्तर्गत चेक बाउन्स ठगीमा मासिक ४५० देखि पाँच सयसम्म उजुरी पर्छन् । तीमध्ये ५० प्रतिशत ब्याजसँग सम्बन्धित हुन्छन् । मिटरब्याजीले २४ देखि शतप्रतिशतसम्म ब्याज लिने गरेको पीडितहरूले बताउँदै आएका छन् ।

ऋणीले भाका अवधिमा लिखत कागज अनुसारको रकम दिन नसकेमा सोही चेक उपयोग गरी साहु स्वयंले मिति र रकम आफैंले खुलाई चेक

– बाँकी पृष्ठ २ मा



मध्यान्ह
२९ साउन २०७९, आइतबार
14 August 2022, Sunday
www.madhyanhadaily.com

# 'साहित्य, सङ्गीत र कलाबिना मुलुक पूर्ण हुन सक्दैन'



**काठमाडौं/मस-** प्रधानमन्त्री शेरबहादुर देउवाले साहित्य, सङ्गीत, कला मुलुकको अमूल्य गहना भएको बताएका छन्। पूर्वराजदूत प्रतिभा राणाको नेपाली कविता संग्रह 'गहिराइ' र अङ्ग्रेजी कृति 'कर्टेन अफ माया' को विमोचन समरोहमा प्रधानमन्त्री देउवाले साहित्य, सङ्गीत र कलाबिना समाज र देश पूर्ण हुन नसक्ने बताए।

त्यसैले ती क्षेत्रको विकासका लागि विभिन्न प्रतिष्ठान स्थापना गरी सरकारले विभिन्न कामहरु अघि बढाएको उनले जानकारी दिए। प्रधानमन्त्री देउवाले नेपाली भाषा, साहित्य, वाङ्मय हिजोको तुलनामा समृद्ध हुँदै गएको स्मरण गरे।

'कथा, कविता, उपन्यास, नियात्रा, समालोचनालगायत सबै विधामा नेपाली भाषाका उत्कृष्ट सिर्जना हुन थालको छ', प्रधानमन्त्री देउवाले भने, 'नेपाली साहित्यलाई थप परिस्कृत र परिमार्जित गर्दै विश्व साहित्यसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउनु आवश्यक छ।'

उनले नेपाली साहित्यको विकासमा लाग्न साहित्यकारलाई आग्रह पनि गरे। त्यसका लागि सरकारले आवश्यक सहयोग गर्ने विश्वास पनि दिलाए। असल साहित्यले मानिसलाई भित्रबाटै अभिप्रेरित गर्ने, मानिसको सोचाइलाई फराकिलो र जीवनलाई अर्थपूर्ण बनाउन सहयोग पुर्‍याउने उनले उल्लेख गरे।

प्रधानमन्त्री देउवाले मुलुकमा पुरुष साहित्यकारको वर्चस्व रहेको सन्दर्भमा महिला साहित्यकारको उपस्थिति बढ्दै गएकोमा खुसी व्यक्त गरे। उनले नेपाली साहित्यले गहिराइ समेट्न थालेकोमा प्रशंसा पनि गरे।

उनले राजनीतिक र सामाजिक व्यक्तित्वका रूपमा परिचित लेखक प्रतिभा राणा कुशल साहित्यकार रहेको कुरा आज मात्रै जानकारी प्राप्त भएको बताए।

समारोहमा समालोचक प्रा.डा. ज्ञानु पाण्डे र समालोचक राम लोहनीले कृतिको बारेमा टिप्पणी गरे। साहित्यकार पाण्डेले काव्य संवेदनशील भएको भन्दै राणाले साहित्य लेखन किन ढिलाइ गर्नुभएको भनी प्रश्न गरे।

लेखक राणाले यी दुई कृति आफूले २१ वर्षको उमेरदेखि लेखेको कविताको सङ्गालो भएको बताए। यस कृतिमा मानवीय जीवनका प्रेम, गाथा, प्राकृतिक सौन्दर्य, ईश्वरीय देनलगायतका विविध विषय समावेश भएको उनले बताए।

# बालआश्रमका बालबालिकालाई सहयोग

**मुना सिलवाल/मध्यान्ह**
काठमाडौं, २८ साउन



शान्ति, समृद्धि र दीगो विकासको लागि मानवीय कार्य 'ह्याप्स' नामक सामाजिक संस्थाले हाम्रो सुनौलो संसार बालआश्रमलाई सहयोग गरेको छ।

संस्थाको पहलमा एनआरएन फ्रान्सका पूर्वअध्यक्ष तथा समाजसेवी इन्जिनियर निर्मल अर्याल र उनकी धर्मपत्नी ज्योति आचार्य अर्यालले कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ गागलफेदीमा रहेको बालआश्रमका २० जना बालबालिकाहरूको लागि खाद्यान्न तथा आर्थिक सहयोग प्रदान गरेका हुन्।

सहयोग हस्तान्तरण कार्यक्रममा कागेश्वरी मनोहर नगरपालिका वडा नं. १ वडा अध्यक्ष मुकुन्दप्रसाद गजुरेल, महिला वातावरण समूहकी सचिव मुना न्यौपाने, समाजसेवी पुस्कर प्याकुरेल, कृष्णप्रसाद अर्याल, दलबहादुर तामाङ, वसन्त थापा र जापानी सूचना केन्द्र नेपालका अध्यक्ष मदनकृष्ण सिलवाल ह्याप्सका सचिव ठाकुरप्रसाद खनाललगायतको उपस्थिति रहेको थियो। वडा अध्यक्ष गजुरेलले सामाजिक संस्थाहरूको दायित्व र पारदर्शिताबाट मात्रै सहयोगीहरूको मन जित्न सकिने बताए। साथै उनले सामाजिक संस्थाहरुले आर्थिक पारदर्शिता कायम राख्नुपर्नेमा जोड दिँदै सामाजिक सेवालाई निरन्तर अगाडि बढाउनुपर्ने बताए।

एनआरएन फ्रान्सका पूर्वअध्यक्ष तथा समाजसेवी इन्जिनियर अर्यालले आफू प्रवासमा रहेपनि नेपालको माया कहिल्यै नमार्ने बताउँदै नेपालमा छोरी शिक्षा अभियानमा आफूले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे। माध्यमिक स्तरमा अध्ययनरत छात्राहरुलाई सहयोग गर्दै आइरहेको समेत उनले जानकारी दिए।

पाल्पा, प्युठान र गोर्खामा सक्रियताका साथ सञ्चालन भइरहेको अभियान अन्य जिल्लाहरूमा पनि विस्तार गरिने उनको भनाइ थियो।

त्यस्तै, अर्यालकी धर्मपत्नी ज्योति आचार्य अर्यालले आफ्नो श्रीमान् र ससुरा बुबाको प्रेरणाबाट समाजसेवामा जोडिन पाउँदा खुशी व्यक्त गरिन्। आफ्नो ससुरा बुबाको पहलमा फ्रान्सका दुई सडकमार्गको नाम गोर्खा र पनौती राख्न सफल भएकोसमेत उनले जानकारी दिइन्।

बालआश्रमकी सञ्चालिका मेनुका कोइरालाले विभिन्न संघसंस्था तथा मनकारी व्यक्तिहरूको सहयोगबाट बालआश्रमको व्यवस्थापन भइरहेको जानकारी दिइन्।

कार्यक्रममा ह्याप्सका अध्यक्ष कुशल अर्यालले विभिन्न समयमा मानवीय कार्य गरिँदै आएको बताउँदै बालआश्रमका बालकालिकाहरूलाई सहयोग गर्न पाउँदा खुशी लागेको बताए। साथै उनले आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धतासहित सहयोग गर्ने सम्पूर्ण व्यक्तिहरुलाई धन्यवाद दिएका थिए।

# तीज महोत्सवको तयारी अन्तिम चरणमा




**माधव बेल्वासे/मध्यान्ह**
चन्द्रौटा, २८ साउन

कपिलवस्तु जिल्लामै पहिलो पटक तीज महोत्सव लाग्ने भएको छ। हिन्दु महिलाहरूको महान् पर्व हरितालिका तिजको अवसरमा १२ दिने तीज महोत्सवको आयोजना गरिएको छ। छमछमी इन्टरटेमेन्ट प्रालिका आयोजनामा शिवराज नगरपालिका-५ चन्द्रौटा महोत्सव स्थलमा आयोजना गरिएको आयोजकले जनाएको छ। लामो समयसम्म कोरोना महामारीले गर्दा मनोरञ्जनात्मक कार्यक्रमहरू ठप्प रहेकोले तीजको अवसर महोत्सवको आयोजना गरिएको बताइएको छ।

'कला, संस्कृति, परम्परा, भेषभूषा, संस्कारको पहिचान, युवा जगतको अभियान' भन्ने मूल नारासहित आयोजित महोत्सवले मौलिक संस्कृतिलाई जगर्ने गर्ने कार्यक्रम संयोजक चिन्ता परियारले बताए।

शनिबार उक्त महोत्सवको जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा महोत्सवलाई भव्य रूपमा सफल गराउन विभिन्न समितिहरूले काम गरिरहेको उनले जानकारी दिए।

मेलाको तयारी अन्तिम चरणमा पुगेको बताउँदै लामो समयदेखि मनोरञ्जनात्मक गतिविधिबाट टाढा रहेका दर्शकलाई कलाकारहरूले रमाइलो गराउने आफूहरूको प्रयास रहेको उनको भनाइ थियो। 'हाम्रो यो जिल्लामै पहिलो प्रयास हो, यसमा सबैले सहयोग गर्न जरुरी छ, महोत्सवलाई कसरी सफल बनाउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहेका छौं,' परियारले भने, 'मेलामा स्थानीय राजनीतिक दल संघसंस्थामा सबैको सहयोग पाएका छौं।'

महोत्सवमा तीज डान्स आइडल, खुल्ला तीज गीत प्रतियोगिता आयोजना गरिएको सांस्कृतिक संयोजक सुमन पौडेलले बताए। राष्ट्रिय कलाकार हरूको प्रस्तुतिसँगै महोत्सवले स्थानीहरू प्रतिभाहरूलाई पनि उजागर गर्ने उनले बताए। पत्रकार सम्मेलनमा पत्रकार महासंघ कपिलवस्तुका अध्यक्ष किरणमान बज्राचार्यले पत्रकारको नेतृत्वमा हुन लागेको महोत्सव सफल हुने दाबी गरे। कला, संस्कृतिलाई संरक्षण गर्दै स्थानीयलाई प्राथमिकता दिनका लागि उनले आग्रह गरेका थिए।

## राप्रपाकी कुन्तीदेवी काठमाडौं २ बाट चुनाव लड्ने

**काठमाडौं/मस-** राप्रपाकी केन्द्रीय सदस्य कुन्तीदेवी पोखरेल काठमाडौं क्षेत्र नं २ बाट चुनावी मैदानमा उत्रिने बताएकी छिन्।

शनिबार राप्रपाको बृहत संगठन तथा पार्टी प्रवेश कार्यक्रममा बोल्दै उनले राष्ट्रवादी शक्ति बलियो बनाउनुका साथै जनताको सेवा गर्नका लागि चुनावी मैदानमा उत्रिनुपर्ने बाध्यता बढेको बताइन्।

कार्यक्रममा उपस्थित राप्रपाका केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देल, पूर्व अध्यक्ष पशुपति शम्शेर जबरा, पूर्व अध्यक्ष डा. प्रकाश चन्द्र लोहनी र कामपाका नवनिर्वाचित राप्रपाका वडा अध्यक्ष कर्णे ध्वजको उपस्थिति रहेको थियो। केन्द्रीय सदस्य पोखरेले नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड दिल्ली गएर नागरिकता विधेक पास गरेको भन्दै आपत्ति जनाइन्।

'काठमाडौं २ मा राप्रपा आउँछ, कुन्ती पोखेल नै आउँछ। म आशावादी छु, पार्टीका अग्रजहरूले आशीर्वाद दिनुहुनेछ। यहाँ उपस्थित सबै साथीहरूलाई भन्न चाहन्छु हाम्रो एजेन्डा स्थापित गर्न लागि परौं। हाम्रो जित सुनिश्चित छ।' उनले भनिन्।

देशका फरक विचारधारा बोकेका अन्य पार्टीहरूले पनि राप्रपाको एजेन्डा मन पराएको उनले जिकिर गरेकी छन्। उनले भनिन् 'केपी ओली र प्रचण्डले पनि राजाको बयान गर्न थालेका छन्। एमाले नेता दुर्गा प्रसाईंले त खुलेरै संघीयताको काम छैन भनिसकेका छन्। अरू नेताहरू पनि बोल्न थालेका छन्। अन्त्यमा राप्रपाको एजेण्डा नै सही रहेछ भनेर प्रस्ट हुँदै छ।' उनले अगाडि थपिन् 'अरूलाई त भन्दिन मैले देशको देशप्रेमी नेता केपी ओली हो। उहाँलाई भन्न चाहन्छु आउनुहोस् देश बनाउने काममा हातेमालो गरौं।'

त्यस्तै उनले प्रचण्डले देश बेच्ने काम गरेको आरोप लगाएकी छन्। नागरिकता विधेयक पारित गराएर नेपाललाई फाइदा भन्दा बढी नोक्सान हुने उनको भनाई छ। उनले भनिन् 'केही समय अगाडि प्रचण्ड भारत गएका थिए। दिल्लीमा नागरिकता विधेयकको विषयमा केही त छलफल भयो। त्यसपछि मात्रै यो विधेयक पारित भएको छ। यसरी खुरुखुरु नागरिकता दिने हो भने ३ करोड नेपाली ६ करोड हुन कुनै समय लाग्दैन।'

# बाँकेको महेन्द्र पुस्तकालय ७६ औं वर्षमा प्रवेश

**पवन जायसवाल/मध्यान्ह**
नेपालगञ्ज, २८ साउन



नेपालगञ्जको महेन्द्र पुस्तकालय ७६ औं वर्षमा प्रवेश गरेको छ। ७५ वर्ष पुरा गरी ७६ औं वर्षमा प्रवेश गरेको अवसरमा पुस्तकालयले भदौ ३ गते अमृत महोत्सव मनाउने भएको छ।

वि.सं. २००३ सालमा प्रेम पुस्तकालयको नाममाबाट स्थापित भएको पुस्तकालय पछि महेन्द्र पुस्तकालयमा परिणत भएको थियो। पुस्तकालको तदर्थ समितिका अध्यक्ष बलराम यादवको अध्यक्षतमा साउन २८ गते बसेको बैठकले भदौ ३ गते अमृत महोत्सव भव्य र सभ्य रुपमा मनाउनका लागि विभिन्न उप-समितिहरु गठन गरेको छ।

स्मारिका प्रकाशन उप-समिति संयोजकमा बलराम यादव, सम्पादक मण्डल उप-समिति संयोजकमा सनतकुमार रेग्मी, गोष्ठी तथा कार्यक्रम उप-समिति संयोजकमा सुदिप भट्टराई, प्रचार प्रसार उप-समिति संयोजकमा बिष्णुलाल कुम्हारलाई चयन गरिएको छ। मूल समितिको संयोजकमा तदर्थ समितिका अध्यक्ष बलराम यादव र सदस्यहरुमा पुस्तकालयमा तदर्थ समितिका पदाधिकारी, छानबिन समितिका पदाधिकारी, उप समितिका पदाधिकारी र पुस्तकालयका सम्पूर्ण आजीवन सदस्यहरु मूल समितिको सदस्यमा रहने गरी समिति गठन गरिएको छ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य संघका पूर्व केन्द्रीय सदस्य कृष्ण प्रसाद श्रेष्ठ, मधुसुदन शर्मा रिजाल, वरिष्ठ लेखक नरेन्द्र जंग पिटर, अवधि साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष बिष्णुलाल कुम्हार, श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय घरवारीटोल नेपालगञ्जका प्रधानाध्यापक बीरेन्द्र यादव, आर्दश माध्यमिक बिद्यालय राँझाका प्राचार्य प्रकाश आचार्य, बेचनलाल गुप्ता, केशवराम वर्मा, वरिष्ठ पत्रकार तथा अवधी भाषा बिज्ञ बिजय वर्मा, वडा नं.८ का पूर्व वडाध्यक्ष सुरेन्द्र गुप्ता, रण प्रसाद राना, चेतराम शर्मा, विराटनगरका साहित्यकार शिव नारायण पंडिण्त सिंगल, पंकज कुमार श्रेष्ठ, सुदिप भट्टराई, कृष्णा देबी पाण्डेय, हरिप्रसाद तिमिल्सिना, सनत कुमार रेग्मी, कृष्ण मुररी प्रसाद भट्ट, बिश्वजीत तिवारी, अजय कुमार टण्डन, जमील अहमद हाशमी लगायतको उपस्थिति रहेको थियो। नयाँ नेतृत्वको लागि महेन्द्र पुस्तकालयको निर्वाचन भदौ २८ गते हुनेछ। निर्वाचनमा पुस्तकालयबाट प्रकासित हुने स्मारिकाको विमोचन गरिने छ।

## रोकिएन...

बाउन्समा उजुरी दिने गर्छन्। सम्बन्धित बैङ्कले तीन पटक चेक बाउन्स गरेमा बैङ्किङ कसुर अन्तर्गत ठगी मुद्दा लाग्ने कानुनी व्यवस्था भने रहेको छ।

तर, यो धन्दामा प्रहरीका बहाल तथा अवकाशप्राप्त उच्च अधिकारी, पूर्वराष्ट्रसेवक कर्मचारी र राजनीतिक तथा प्रशासनिक पहुँच भएकाहरूको संलग्नता देखिदाँ पीडितको समस्या समाधान गर्न भने थप जटिलता पैदा हुने देखिन्छ। हुनत, केही समयअघि सर्लाहीबाट श्याम परदेशी भन्ने श्यामकुमार साह २९९ जना ऋणीबाट र रामबाबु यादव पनि २५ जना ऋणीसँग मिटरब्याज लिएको अभियोगमा पक्राउ परेका थिए।

यद्यपि, सरकारले मिटरब्याजी पीडितका समस्या समाधान गर्न समिति गठन गरेको छ। पछिल्ला दिनमा साहुहरूले कम रकम ऋणमा दिने, दोब्बर रकम दिएको कागज बनाएर दिने, महँगो ब्याजदर लगाउने र जति रकम तिरे पनि बढाएको बढाई लैजाने (मिटरब्याज) व्यवसाय फस्टाउँदै गएको छ। वर्षोदेखि चल्दै आएको यो धन्दा रोक्न सरकारले कडा कानून नबनाउने हो भने पीडित थप पीडामा पर्ने स्पष्ट देखिएको छ।

## समस्या ...

प्रधानमन्त्री, पूर्वप्रधानमन्त्री, सेनापति, प्रमुख राजनीतिक दलका नेता, कलाकार लगायतसँग भेट गरेर उनले आफ्नो परिपक्वता पनि प्रदर्शन गरेका छन्। जसकारण उनी बेला बेला चर्चामा पनि आइरहेका छन्। महानगर कार्यपालिकाको बैठक लाइभ गरे। फोहर व्यवस्थापनको लागि सहरी विकास मन्त्रालय, बञ्चरेडाँडा र सिडोलबासीसँग संवाद र सहकार्य गरेर लामो समय काठमाडौंमा थुप्रिएको फोहर बञ्चरेडाँडामा बिसर्जन भयो। साउन १ गतेबाट त उनले फोहोरको श्रोतमै कुहिने र नकुहिने गरी वर्गीकरण गर्नुपर्ने बाध्यकारी नियम बनाए। त्यसको लागि सचेतनाको प्रचार नै बोकेर मेयर शाह गल्लीगल्ली हिँडे पनि।

राजधानीको समस्याको रुपमा रहेको सार्वजनिक शौचालयको समस्या समाधानमा व्यवसायी र पब्लिकसँग सहकार्य गर्ने, सार्वजनिक शिक्षामा गुणस्तरीयता कायम गर्नको लागि विद्यालयमै पुगेर अनुगमन गर्ने, लगायतका अरु धेरै काम उनका उदाहरणीय सुरुवात् हुन्।

फुटपाथबाट मकै बेच्ने दम्पत्तीको ठेलागाडा जफत र उनीहरुमाथि नगरप्रहरीले गरेको दमनकारी व्यवहार, महानगरको खर्चमा 'यमोबुद्ध'को शालिक निर्माण गर्ने, इस्पोर्टस् नामक संस्थालाई १ करोड रुपैयाँ दिने, मिडियासँग आमनेसाम्ने भएर विवादमा आएका उदाहरण पनि छन्।

बालेनका यी निर्णयले उनको ओरालो यात्रा सुरु भएको भनेर टिप्पणी गर्नेहरु पनि छ। कतिपय मतदाताले त मत दिएर बालेनलाई विजयी गराएकोमा पश्चाताप महसुस भयो भनेर सामाजिक संजालमा रोष प्रकट गरिरहेका छन्। असन्तुष्टिका लागि फेरि पनि उही फोहोर समस्याले काम गरेको पाइन्छ। नागरिकहरु फोहोरलाई मोहोर बनाउने सपना देखाएर भोट मागेका बालेन्द्र शाहको फोहोर व्यवस्थापनको योजनाबारे अझै बेखबर छन्। बरु फोहोर समस्या उस्तै छ। नागरिकहरुले भन्न थालेका छन्, फेरियो नेतृत्व, भेटिएन समाधान। तीन महिनासम्म फोहोर व्यवस्थापनको योजना दिन नसकेपछि उनको आलोचना समाजिक संजालमा पनि हुन थालेको छ। कार्यकारीलाई हनिमुन अर्थात् १०० दिनको काम हेरेर मुल्याङ्कन गर्ने अभ्यास पनि छ। तर, हनिमुन कार्यकाल नसकिँदै बालेन असफल भए भनेर आलोचना हुनुलाई सही अर्थ लिन नसकिने र बालेनबाट सोचे अनुसार नागरिकले प्रतिफल पाउन नसक्नु रहेको कतिपयको टिप्पणी रहेको छ।

## चालु...

अधिवेशनमा २० भन्दा बढी विधेयकले कानुनको रुप लिएका छन्। कति विधेयकहरु सदनको एउटा बैठकबाटै पारित हुने स्थितिमा छन्।

उदाहरणका लागि - काठमाडौं उपत्यका प्राधिकरण विधेयक, बीमा विधेयक, सार्वजनिक ऋण व्यवस्थापन विधेयक, स्ट्यान्डर्ड नाप तौल विधेयक, प्रत्यायान विधेयक आदि।

नागरिकता लगायतका महत्वपुर्ण विधेयक दुवै सदनबाट पारित भएर राष्ट्रपतिकहाँ प्रमणिकबरणका लागि पुगेको छ। चालु अधिवेशनबाटठै 'ज्येष्ठ नागरिक (पहिलो संशोधन) विधेयक, २०७५' पारित भइसकेको छ। संसद् सचिवालयका अनुसार ५४ विधेयक सभामा विचाराधीन छन्। अधिकांश अन्तिम चरणमा पुगेका छन्।

३ जेठ २०७९ बाट सुरु भएको दुवै सदनको बर्खे अधिवेशनमा धेरै विधेयकमाथि हतारोमा छलफल तथा पारित गरिनुमा कोभिड महामारी, राजनीतिक गतिरोध, संसद् विघटन, त्यसपछि नौ महिनासम्म एमालेको अवरोधलगायत कारण रहेको संसद् सचिवालयका अधिकारीहरु बताउँछन्। प्रतिनिधिसभा कार्यकालको अन्तिम अधिवेशन भएकाले विधेयक पारित गर्ने विषयमा सत्तारुढ गठबन्धन, सरकार र संसद सचिवालय हतारिएको देखिन्छ।

३ जेठबाट प्रारम्भ भएको बर्खे अधिवेशनमा संघीय संसदबाट पारित भएका विधेयकहरु हुन- नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, तेजाब तथा अन्य घातक रासायनिक पदर्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, फौजदारी कसुर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, लोकसेवा अयोगसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, यौन हिंसाविरुद्धका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक। यी विधेयकहरु पारित भएर कानुन बनिसकेका छन्।

यसैगरी, बजेटसम्बन्धी चारवटा आर्थिक विधेयक, २०७९, राष्ट्र ऋण उठाउने विधेयक, २०७९, ऋण तथा जमानत (२५औं संशोधन) विधेयक, २०७९ र विनियोजन विधेयक, २०७९ पनि चालु अधिवेशनमै पारित भएका हुन।

वर्षे अधिवेशनमै पारित भएका बिउ-बिजन ऐन, २०४५ लाई संशोधन गर्न बनेको विधेयक र बिरुवा संरक्षण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक पनि राष्ट्रपतिबाट प्रमाणिकरण भइ लागू भइसकेका छन्।

वर्षे अधिवेशनले राष्ट्रिय सभामा उत्पति भएका रेल्वे विधेयक, २०७९, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (पहिलो संशोधन) प्रतिस्थापन विधेयक, २०७९ र औषधि (तेस्रो संशोधन) प्रतिस्थापन विधेयक, २०७९ पनि दुबै दिनबाट पारित भएर कार्यान्वयनमा आएका छन्।

# नेपाल पत्रकार महासंघ काठमाडौं शाखामा विभाग र समिति गठन

काठमाडौं/मस-नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले विभिन्न विभाग र केही समिति गठन गरेको छ।

निर्वाचित भएको १६ महिनापछि शाखाले यहि साउन २६ गते विभिन्न विभाग र समिति गठन गरेको हो। शाखाका पदाधिकारी तथा सदस्यहरु प्रमुख रहने ती विभागमा रहने सदस्यहरुको संख्या थप गर्न सकिने कार्य समिति सदस्य रमेश कुमार बोहोराले बताएका छन्।

सगठन विभाग संयोजकमा सचिव महेश्वर गौतम रहेका छन् भने सदस्यहरुमा रमेश कुमार बोहोरा, रमेश लामिछाने र रिना श्रेष्ठ रहेका छन्, त्यसैगरी अनुशासन विभागमा संयोजक शाखा उपाध्यक्ष रामचन्द्र दुलाल रहेका छन्। सदस्यहरुमा मिना यादव, दिपक काफ्ले, शोभा नेपाली र बुद्ध योञ्जन रहेका छन्।

अर्थ समितिमा शाखाका कोषाध्यक्ष अतिज अधिकारी संयोजक रहेका छन् भने सदस्यहरुमा कृष्ण प्रसाद ढुंगेल, सुबास मुखिया सुनुवार, बुद्ध योञ्जन र शैलेश डंगोल रहेका छन्। महिला विभाग अन्तर्गत संयोजकमा शाखाकी उपाध्यक्ष अप्सरा गौतम रहेकी छिन्। सदस्यहरुमा रिना श्रेष्ठ, मिना यादव, शोभा अर्याल, शोभा नेपाली, सिता पौडेल, अर्चना रेग्मी रहेका छन्। जेष्ठ पत्रकार लगत तथा विरामी पत्रकार, अपाङ्ग पत्रकार, लगत तथा अवस्था पहिचान समितिको संयोजकमा शाखाका सहसचिव हेमबहादुर (कमल) राना रहेका छन् भने सदस्यहरुमा गोविन्द गिरी र योगेन्द्र चौलागाई रहेका छन्। यसैगरी प्रकाशन समितिमा संयोजकमा शाखाका कार्य समिति सदस्य कृष्णराज गौतम रहेका छन् भने सदस्यहरुमा रमेश कुमार बोहोरा, सुबास मुखिया सुनुवार, रमेश लामिछाने, कृष्ण प्रसाद ढुंगेल, अमिर लामा, गंगा बराल, यादव देवकोटा रहेका छन्।

साना लगानी तथा स्वरोजगार मूलक (व्यवसायिक) मिडिया समन्वय विभाग, श्रमजिवी समस्या पहिचान समितिको संयोजकमा रमेश कुमार बोहोरा रहेका छन् भने सदस्यहरुमा गणेश पौडेल, कालिका महत रहेका छन्।

अतिरिक्त क्रियाकलाप विभागमा संयोजक लक्ष्मणदेव पाण्डे रहेका छन् भने सदस्यहरुमा शैलेश डंगोल, अंकध्वज मोते, अशोक शिवाकोटी, कृष्ण कार्की छन्। सञ्चारमाध्यमको अवस्था पहिचान र लगत समितिको संयोजकमा शाखाका कार्यसमिति सदस्य रमेश लामिछाने रहेका छन्।

# १८ वर्ष पूरा भएकाले मतदान गर्न पाउने

**काठमाडौं /मस-** आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचनको अघिल्लो दिन १८ वर्ष पूरा भएका मतदाताले मतदान गर्न पाउने भएका छन् ।

आगामी मङ्सिर ३ गतेसम्म १८ वर्ष उमेर पुगेका मतदातालाई मतदान गर्न पाउने व्यवस्था गरिएको आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले जानकारी दिए । त्यसका लागि मतदाता सूचीमा नाम दर्ता भएको हुनुपर्नेछ ।

आयोगले गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा पनि निर्वाचनको अघिल्लो दिन १८ वर्ष उमेर पुगेर मतदाता सूचीमा नाम भएका मतदातालाई मतदानमा सहभागी हुन पाउने व्यवस्था गरेको थियो । त्यसअघिका निर्वाचनमा निर्वाचनको मिति घोषणा भएको दिनसम्म १८ वर्ष पूरा भएका नागरिकलाई मात्र मतदानको व्यवस्था गरिँदै आइएको थियो ।

आसन्न निर्वाचनमा करिब एक लाख त्यस्ता मतदाताले मतदान गर्न पाउने आयोगको अनुमान छ । निर्वाचनको मिति घोषणा भएको दिनदेखि मतदानको दिनसम्म १८ वर्ष पूरा हुने व्यक्तिले मतदान गर्न नपाउने व्यवस्था थियो । प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा निर्वाचन हुँदैछ ।



गत वैशाख २९ गतेसम्म ८७ लाख ४१ हजार ५३० महिला, ८९ लाख ९२ हजार १० पुरुष र एकसय ८३ अन्य गरी एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता १८ वर्ष पूरा भएका आयोगले जनाएको छ । स्थानीय तह सदस्य निर्वाचन सम्पन्न भएपछि आयोगले गत असार १ देखि मतदाता नामावली संकलन सुरु गरेको थियो ।

सरकारले यही साउन १९ गते आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन गर्ने निर्णय गरेको थियो । निर्वाचनको मिति घोषणा भएसँगै आयोगले साउन २० गतेदेखि मतदाता नामावली सङ्कलनको काम स्थगन गरेको थियो ।

आगामी भदौ १२ देखि १९ गतेसम्म निर्वाचन कार्यालयमा पुगी मतदाता नामावली अद्यावधिक गर्न सकिने आयोगले जनाएको छ । सो अवधिमा नामावलीमा भएको त्रुटि सच्याउने, कसैले झुठा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, दोहोरो नामावली भएको भए हटाउन निवेदन दिने, एकाघर परिवारको सदस्यको मृत्यु भएमा हटाउन निवेदन दिने, एकै वडाका दुई वा दुईभन्दा बढी मतदानस्थल भएकामा पायक पर्ने मतदानस्थलमा नाम सार्न सकिनेछ ।

नामावली अद्यावधिक गर्न इमेल, फ्याक्स तथा अनलाइनबाट निवेदन दिन सकिने आयोगले जनाएको छ । मतदाता नामावली अद्यावधिक भएपश्चात् आगामी भदौ ३१ गते अन्तिम मतदाता नामावली प्रकाशन हुनेछ ।

# सिरहामा जंगली हात्तीले ७ घर भत्कायो

**राजेन्द्र महतो /मध्यान्ह**
सिरहा, २८ साउन



सिरहाको लहान नगरपालिका-१५ सिसबोनी र मोहनपुरमा जंगली हात्तीले ७ घर भत्काएका छन् । शुक्रबार राति जंगलबाट भागेर आएका दुई वटा हात्तीले सो गाउँमा माटोले लिपेको र फुसको छानो भएका घरहरु भत्काएको हो ।

हात्तीले स्थानीय लक्ष्मी सदाय, शिवकुमारी सदाय, राम सदाय, श्याम कुमार सदाय, दिपेन सदाय, सरोज सदाय र कपले यादवका घर भत्काएको छ ।

जंगलबाट आएका हात्तीले स्थानीयहरुको अन्नबालीमा पनि क्षति पुर्‍याएको छ । हात्तीलाई स्थानीयहरुले राति नै आगो बालेर गाउँबाट भगाएका थिए । घर भत्काएपछि उनीहरुलाई अहिले समस्या भएको छ ।

घर भत्काएको जानकारी पाएपछि लहान नगरपालिकाका मेयर महेश चौधरी गाउँ पुगेर पीडितहरुलाई तत्कालै २५ किलो चामल, नुन, तेल, दाल राहत उपलब्ध गराउने र फुसको घर भत्केकोलाई जस्तापाता र त्रिपाल दिने बताएका छन् ।

# थप २ सय ६३ मा कोरोना

**काठमाडौं /मस-** कोरोना भाइरसको संक्रमण शनिबार २६३ मा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आज सार्वजनिक गरेको बुलेटिनमा तीन हजार एक सय ६५ मा गरिएको परीक्षणमध्ये दुई सय ६३ मा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो । सक्रिय संक्रमितको संख्या पाँच हजार चार सय ३४ पुगेको छ ।

यस्तै शनिबार कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई पाँच सय एक जना घर फर्किएका छन् । मन्त्रालयका अनुसार आज कोरोना भाइरसको संक्रमणबाट दुई जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौ सय ८६ को संक्रमणबाट निधन भएको छ ।

पाँच सयभन्दा बढी सङ्क्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर तथा दुई सयभन्दा बढी सङ्क्रमित भएको जिल्ला मोरङ रहेको छ । सङ्क्रमित शून्य भएका जिल्ला मनाङ, कालीकोट, दार्चुला र हुम्ला रहेका छन् । मन्त्रालयका अनुसार होम आइसोलेसनमा पाँच हजार दुई सय २८, संस्थागत आइसोलेसनमा दुई सय छ, सघन उपचार कक्ष (आइसियु)मा ६१ र भेन्टिलेटरमा चार जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा एक लाख २७ हजार तीन सय २१ ले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।

## प्रवास डायरी

तिलु शर्मा पौडेल/मध्यान्ह

# नेपाली टिकटक समाज कतारको अध्यक्षमा लक्ष्मी दर्नाल




नेपाली टिकटक समाज कतारको प्रथम अधिवेशन सम्पन्न भएको छ । समाजका संयोजक श्याम पाण्डेको अध्यक्षता तथा एनआरएनए कतारका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनले लक्ष्मी दर्नालको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन गरेको छ ।

समितिको प्रथम उपाध्यक्षमा धर्मेन्द्र कुमार खवास, द्वित्तीय उपाध्यक्ष बद्री आलाम, महिला उपाध्यक्ष एन्जिला कार्की, महासचिव विपिन शङ्कर, सचिव दिलीप कुमार, कोषाध्यक्ष ताहिर मियाँ (रेहान), सह-कोषाध्यक्ष शौरव आचार्य चयन भएका छन् । कार्यसमितिका सदस्यहरूमा अनुजा कार्की, पारु भट्ट, रेखा मगर, निशा श्रेष्ठ, अरसल सलमान, सोम लामा, उर्मिला लामा, एमडी मजिबुल र सरिता गिरी रहेका छन् । समाजको संस्थापक संरक्षकमा राम राणपहेलि रहेका छन् । निर्वाचित कार्य समितिलाई निर्वाचन समितिका संयोजक मोहमद अजिज अलिले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

नव निर्वाचित अध्यक्ष दर्नालले टिकटक समाज भनेर कतारको सामाजिक सञ्जालमा नकारात्मक टिप्पणी हुने गरेकोप्रति लक्षित गर्दै कतारमा सामाजिक कार्यसँगै सचेतनाका कार्य गरिने बताइन् ।

उनले नेपाली समाजको हितमा आफूसहित पुरै समाज लाग्ने बताउँदै टिकटक समाजले अवार्ड र सांस्कृतिक कार्यक्रमसमेत सम्पन्न गरी सकेको जानकारी दिँदै थप रचनात्मक कार्य गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरिन् ।

कतारका सक्रिय टिकटक प्रयोगकर्ताहरूको सक्रियतामा स्थापित नेपाली टिकटक समाज कतारको अधिवेशनमा बोल्ने वक्ताहरूले टिकटकको सही ढंगबाट प्रयोग गर्न आग्रह गरेका थिए । उनीहरूले टिकटकमा फरक-फरक अडियो र भिडियो प्रयोग गरेर कानूनी समस्यामा पर्ने गरेको हुँदा समाजको हितका लागि काम गर्न आग्रह गरे । टिकटक मार्फत सकारात्मक कार्य गर्न सकिने भएकाले टिकटक समाजको सकारात्मक सोचलाई सबैले अनुसरण गर्नु पर्ने उनीहरुको धारणा थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि मुक्तदाले टिकटकको विकृति हटाउन समाजले पहल गर्नपर्ने बताए । कतारमा बस्ने नेपालीले धेरै पैसा टिकटकमा उडाउने गरेको भन्दै मुक्तदाले टिकटकमा उपहार नमाग्न र सोही अनुरूप समाजले कार्यसम्पादन गर्न अनुरोध गरे । धर्मेन्द्र खवासको स्वागत मन्तव्य रहेको कार्यक्रममा थुप्रै कलाकारले सांगितिक प्रस्तुती दिएका थिए । दिपजंग शाहले सहजिकरण गरेको कार्यक्रमको समापन सभाध्यक्ष पाण्डेले गरेका थिए । अधिवेशन मार्फत थुप्रै सामाजिक व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो ।

'समाजसेवा र सचेतानमुलक सन्देश प्रवाह गरौं, सभ्य र समृद्ध समाजको निर्माण गरौं' भन्ने नाराका साथ २०२० मा समाजको स्थापना गरिएको थियो ।

# कतारमा मनाइयो २८ औं आदिवासी दिवस

नेपाल आदिवासी जनजाति महासंघ कतारको आयोजनामा '२८ औं विश्व आदिवासी दिवस भव्य रूपमा मनाइएको छ । दिवसका अवसरमा शुभकामना आदान-प्रदान तथा विविध सांस्कृतिक कार्यक्रम २०२२' महासङ्घमा आवद्ध मातृ संस्थाहरूको मौलिक झाँकी तथा मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रमको साथमा मनाइएको हो ।

महासंघ कतारका अध्यक्ष पुरुषोत्तम सुनुवारको सभापतित्व तथा नेपाली राजदूतावास कतारका राजदूत नरेश विक्रम ढकालको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा नियोगका दित्तिय सचिव प्रवीण भट्टराई लगायत महासंघ भित्र रहेका मातृ संस्थाका प्रमुख तथा प्रतिनिधीहरुको विशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि ढकालले २८ औं विश्व आदिवासी जनजाति दिवसको अवसरमा शुभकामना व्यक्त गर्दै विश्वमा आदिवासी जनजातिको हरुको आफ्नै भाषा,धर्म सस्कृती, रीतिरिवाज परम्पराहरू अग्र स्थानमा रहेको बताए । 'देशको प्रतिनिधित्व गरेर आएको हुँ' आफूले विधि पद्धतिमा रहेर दूतावासले प्रदान गर्न सक्ने सबै सुविधाहरू श्रमिकका हितमा प्रदान गर्न तयार रहेको बताए ।कतारमा हुने विश्वकप कतारको मात्र नभएर एसियाको सफलता भएको बताउँदै ढकालले नेपाली समाजबाट अप्रिय गतिविधि नहोस् भन्ने नेपाल सरकार तथा दूतावासको अपेक्षा रहेको हुदा' नकारात्मक गतिविधि नगर्न अनुरोध गरे । आफ्नो ४ वर्षको कतार बसाई रहने बताउँदै उनले आफ्नो कार्यकालमा नेपालको सिरलाई सँधै उचो राख्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा मातृ संस्थाहरूबाट संयुक्त (आ-आफ्नै मौलिक भेषभुषामा) विभिन्न झा' कीहरु प्रस्तुत गरिएको थियो ।' पहिचान, पहुँच, प्रतिनिधित्व र समावेशीकरणको लागी आदिवासी जनजाति आन्दोलन, जाती, भाषा, धर्म र संस्कृति संरक्षणको लागी देशव्यापी राष्ट्रिय जागरण भन्ने मूल नाराका साथ दिवस मनाइएको हो । महासचिव एकराज राईले सहजिकरण गरेको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष भाइकाजी गुरुङले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमका बारेमा प्रथम उपाध्यक्ष डिएन मगरले प्रष्ट्याएका थिए ।

ब्यानर उद्घाटन, दीप प्रज्वलन सहित औपचारिक रूपमा सुचारु गरिएको कार्यक्रममा मातृ संस्थाहरूका कलाकार हरूले मौलिक भेषभूषामा सजिँदै हामी आदिवासी, हामी जनजाति बोलको गीतमा स्वागत नृत्य राखेका थिए । कतारमा स्थापित वैचारिक, सामुदायिक, सामाजिक, सांगीतिक लगायत विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको आतिथ्यता सहित शुभकामना समेत व्यक्त गरेका थिए ।


# Khandbari Municipality
# Office of The Municipal Executive
**Khandbari, Sankhuwasabha**
**Province No.1, Nepal**

## Invitation for Bids

**Date of Publication: 2079-04-29 (2022-Aug.-14th)**

1. **Khandbari Municipality, Sankhuwasabha** invites electronic bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (Without Vat and PS) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs. (Not refundable) |
|---|---|---|---|---|
| KMO/NCB/ WORKS/01/079/080 | ChewapaniTanki to Chandanpur Road Maintenance Work,Khandbari-2 & 10 | 26,95,636.17 | 80,000.00 | 3000.00 |
| KMO/NCB/ WORKS/02/079/080 | UttaredharaBuspark to Bistagaun Road Maintenance work, Khandbari-3 | 18,17,034.12 | 50,000.00 | 3000.00 |
| KMO/NCB/ WORKS/03/079/080 | Tinpokhari School –Chauhangaun to SimleChowk Road Maintenance Work, Khandbari-7 | 18,33,643.40 | 50,000.00 | 3000.00 |

2. Details of Bid:

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|
| ChewapaniTanki to Chandanpur Road Maintenance Work,Khandbari-2 & 10 (KMO/NCB/ WORKS/01/079/080) | 90 Days after bid opening (2079-08-25) | 30 days beyond Bid Validity Period (2079-09-26) | 2079-05-28, 12:00 Hrs. | 2079-05-28, 13:00 Hrs | Electronic Bid Only (may be download / submitted through PPMO's egp System *www.bolpatra.gov.np/egp.* |
| UttaredharaBuspark to Bistagaun Road Maintenance work, Khandbari-3 (KMO/NCB/WORKS/02/079/080) | | | | 2079-05-28, 13:30 Hrs | |
| Tinpokhari School –Chauhangaun to SimleChowk Road Maintenance Work, Khandbari-7(KMO/NCB/ WORKS/03/079/080) | | | | 2079-05-28, 14:00 Hrs | |

3. For Further Details bidders are requested visit website www.khandbarimun.gov.np or notice board of Khandbari Municipality Office or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : RastriyaBanijya Bank, Branch Office, Sankhuwasabha
   Name of Office : Khandbari Municipality Office
   Office Code Number : 365-05-11
   AntarikRajaswaKhata : 2080100301010002
   DharautiKhata Number :-2080100303000002
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२९ साउन २०७९, आइतबार
14 August 2022, Sunday

## सम्पादकीय

# निहारिकाले नपाएको न्याय

महोत्तरी जलेश्वरीकी निहारिका राजपूतले शुक्रबार राष्ट्रपतिको निवास अगाडि आत्मदहको प्रयत्न गरिन् । न्याय नपाएको भन्दै आत्मदहको प्रयत्न गरेकी निहारिकालाई प्रहरीले तत्कालै नियन्त्रणमा लियो । राष्ट्रपतिको कार्यालय शितल निवास अगाडि निहारिकाले आत्मदहको प्रयत्न गरेपछि यो प्रकरणले थप आकार लिएको छ । शनिबार राष्ट्रपति विद्यादेवी भण्डारीले कानून, न्याय तथा संसदीय मामला मन्त्री गोविन्द बन्दी र महान्यायाधिवक्ता खम्बबहादुर खातीलाई शितलनिवास बोलाइन् । राष्ट्रपतिले कानूनमन्त्री र महान्यायाधिवक्तासँग निहारिका प्रकरणबारे जिज्ञासा राखेकी थिइन् । जवाफमा कानूनमन्त्री बन्दीले नहारिकाको मुद्दामाथि फैसला गर्ने धनुषा जिल्ला अदालतका न्यायाधीश परशुराम भट्टराईलाई सर्वोच्च अदालत तानेको जानकारी दिए । न्यायाधीश भट्टराईमाथि परेको विभिन्न उजुरीबारे अध्ययन भइरहेको समेत उनले राष्ट्रपति भण्डारीलाई जानकारी दिए ।

राष्ट्रपति भण्डारीले निहारिकाले न्याय नपाएपछि आत्मदहको प्रयत्न गर्ने परिस्थिति निर्माणबारे जिम्मेवार बन्नुपर्ने समेत बताइन् । जिल्ला न्यायाधीश भट्टराई सर्वोच्चमा तानिएको र यो फैसलाबारे अध्ययन भइरहेको जवाफ दिइएपनि आत्मदहकै घटनाले भने समाज तरंगित बन्न पुगेको छ । किनकि निहारिकाले न्याय माग्दै यसअघिबाटै आन्दोलित छन् । तर धनुषा अदालतले भने निहारिकाको माग दावी बिपरीत फैसला सुनायो । यसपछि निहारिकाले आफ्नो बच्चा र आरोपित पुरूषको डीएनए परीक्षणको माग राखिन् । त्यो मुद्दा जनकपुर उच्च अदालतमा विचाराधीन छ । तर विचाराधीन मुद्दाको फैसला नकुरी निहारिकाले आत्मदहको प्रयत्न गरिन् । उनले आफूमाथि बलात्कार भएको र बच्चा जन्मिएको भन्दै अदालत धाइरहेकी छन् ।

निहारिकाले न्याय पाउनुपर्ने माग सरोकारवालाहरूले पनि राखिरहेका छन् । तर धनुषा अदालतले भने निहारिकाको दावी प्रमाणित नहुने फैसला सुनायो । संभवतः विचाराधीन मुद्दाको फैसलाप्रति भएको विलम्बले निहारिका सशंकित भएको हुनसक्छ । त्यसैले आत्मदहजस्तो अप्रिय निर्णय उनले लिइन् । यो आफैमा कानून शासन भएको मुलुकका निम्ति दुखद् कुरा हो । विद्यमान कानून र कानूनी फैसला सुनाउने अदालतप्रति अविश्वास हुनु, गृहमन्त्री आफै गएर दिइएको आश्वासनप्रति विश्वास नहुनु र आत्मदहको निर्णय लिइनुले मुलुकको छबि राम्रो हुनेछैन । यसबारे सम्बन्धित पक्ष गम्भीर बन्न जरूरी छ । न्यायको माग राखेर हुने शान्तिपूर्ण आन्दोलन संवैधानिक अधिकार नै हो, तर न्याय नपाउने निश्चय गरेर आत्मदहको प्रयत्न हुनुले मुलुकको संवैधानिक निकायहरूमाथि गम्भीर प्रश्न उठ्छ । यसबारे आमपंक्ति नै चिन्तित बन्न जरूरी छ ।

# लोकतन्त्रको मूल्य र चुनावी तालमेल

*यतिबेला दलहरू विचारधारा, दर्शन र कार्यक्रमविहीन हुन पुगेका छन् । बहुदलीय प्रतिष्पर्धा मात्रै होइन, गठबन्धनको माध्यमबाट सत्ता हत्याउने तहसम्म उत्रिएका छन् । अब दलहरूबीच नभएर गठबन्धन र स्वतन्त्र उम्मेदवारबीच प्रतिष्पर्धा हुने देखिन्छ ।*

**अग्रलेख**



● कृष्ण बेलबासे


निर्वाचन आयोगले आगामी मंसिर ४ गतेका लागि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन मिति तोकेको छ । उक्त मिति तोकिएसँगै दलहरु निर्वाचनको लागि तयारीमा लागेका छन् । यसैक्रममा दलीय नेतृत्वलाई चुनौति दिन विभिन्न निर्वाचन क्षेत्रबाट स्वतन्त्र उम्मेदवारहरु प्रतिष्पर्धामा उत्रिन थालेका समाचारहरु समेत प्रकाशमा आइरहेका छन् । दलहरुमध्ये केही अब आफुहरु एक भएर अघि न बढ्ने हो भने निर्वाचनमा विजय हासिल गर्न नसकिने निष्कर्षसहित गठबन्धनमा लागेका पाइन्छन् । अझ तिनलाई निर्वाचन जित्न गठबन्धन मात्र पर्याप्त नहुने लागेकोले विभिन्न मुलुकको भ्रमण गरेर त्यहाँको नेतृत्व र त्यहाँ रहेका नेपालीहरुसँग आफुहरुलाई निर्वाचनमा सघाउन अनुरोध गर्ने गरेको पाइन्छ । यस कुरोले एक त, दलीय नेतृत्व पतनको तल्लो स्तरमा पुगिसकेको कुरालाई प्रमाणित गर्दछ भने दोस्रो, विदेशी तत्वको भूमिका नै प्रभावकारी हुने देखिन्छ । त्यसैगरि देशभित्र दलहरु र दलीय सरकारको कार्यशैलीले अब दलीय व्यवस्था नै असफल हुन पुगेको कुरा प्रमाणित हुन आउँछ । यसो हुनुको मूल कारण दलहरुलाई टिकाई राख्ने आधार भनेकै दलको आदर्श, कार्यक्रम र दलीय नेतृत्वको नेतृत्व क्षमता नभएर भ्रष्टाचारी, कमिशनखोर, दलाल, बिचौलिया एवम् राष्ट्रघाती प्रवृत्ति एवम् जमात मात्र रहेको कुरा देखिन आउछ । यो कुरा सत्तालिप्साको लागि मरिमेट्ने दलहरुको हकमा मात्र नभएर कथित व्यवस्था विरोधी दलहरुको हकमा समेत धेरै हदसम्म लागू हुन्छ ।

आफुलाई सशस्त्र संघर्षको माध्यमबाट जनवादी सत्ताको स्थापनाको लक्ष्यप्रति प्रतिबद्ध बताउनेहरु पनि राष्ट्रघाति कर्तुतहरु गर्दा सडक संघर्षमा उत्रिएर सरकारी निकायलाई दवाब दिनेसम्म आँट गर्दैनन् । कुरो यत्ति मात्र नभएर छिमेकी मुलुकले आफ्नो राष्ट्र उपर भौगोलिक एवम् जनसांख्यिक अतिक्रमण गरिरहँदा उक्त मुलुकसँगको सीमालाई व्यवस्थित एवम् नियन्त्रित गर्नुपर्दछ भन्ने आवाजसम्म उठाउँदैनन् । यसले उनीहरुलाई सशस्त्र संघर्षको बल तिनै विदेशी शक्तिहरुबाट प्राप्त हुने भएकोले त्यसो गर्न नसकेका त होइनन् ? भन्ने प्रश्नलाई ठाउँ दिन्छ ।

नेपालको संविधानले नेपालको शासकीय स्वरूप बहुलवादमा आधारित बहुदलीय प्रतिष्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुनेछ (धारा ७४) भनेको छ । संविधानको धारा २६९(१)ले समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरुले राजनीतिक दल गठन गर्न सक्ने व्यवस्था गरेको छ । तर, यतिबेला दलहरु विचारधारा, दर्शन र कार्यक्रम बिहीन हुन पुगेका छन् । बहुदलीय प्रतिष्पर्धा मात्रै होइन, गठबन्धनको माध्यमबाट सत्ता हत्याउने तहसम्म उत्रिएका छन् । अब दलहरु बीच नभएर गठबन्धन र स्वतन्त्र उम्मेदवारबीच प्रतिष्पर्धा हुने देखिन्छ । यी बाहेकका एकाध विचारधारा, दर्शन र कार्यक्रम बिहीन दल भनाउँदाहरुले पनि आफ्नो महत्वाकांक्षालाई जोगाउन कुन उपाय अपनाउने हुन् ? त्यो अहिल्यै अनुमान गर्न सकिने देखिँदैन ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**AAROHI H.R. SOLUTIONS PVT. LTD.**
Govt. Lic. No. 1244/074/075
Tokha-5, Basundhara, Kathmandu, Tel No.: 4961807, 4962925
Mob. : 9851002451, 9801068586, Email: info@aarohihrsolutions.com

मध्यान्ह
www.madhyanhadaily.com
२९ साउन २०७९, आइतबार
14 August 2022, Sunday

# बक्स अफिस समाचार

## ‘यो क्षेत्रमा जम्नका लागि निकै मेहनत गरेको छु’



**अमृत भारती**, गायक

नेपाली सांगीतिक क्षेत्रमा सर्वाधिक चर्चामा रहेका गीत ‘मेलो बाबा, मुटुको टुक्रा, बाँचे पो जीन्दगीका’ का सर्जक हुन् **अमृत भारती** । सिन्धुपाल्चोक जिल्ला इन ावती गाउँपालिका वडा नम्बर -२ स्थित भारती गाउँमा वि.स. २०५२ सालमा जन्मिएका अमृत सानै उमेरबाट नै गीतसंगीतमा रुचि राख्थे । गाउँघरमा हुने मेलापात, जात्रा, पुजापाठ लगायत पर्वमा दोहोरी गायनमा समेत अब्बल ठानिन्थे । दोहोरी गीत भनेपछि हुरुक्कै हुने सर्जक भारती चन्चल र रमाइलो स्वभावका थिए ।

पहिलो सांगीतिक कोसेली एल्बम २०६६ सालमा ‘कन्या राशी’ सार्वजनिक गर्दै सांगीतिक क्षेत्रमा प्रवेश गरेका उनी अहिले पनि निरन्तर लागिरहेका छन् । पहिलो गीत निकै फरक र ठट्यौली शैलीको भएको कारण आम दर्शक श्रोताले निकै नै रुचाएका थिए । गायक भारतीले पहिलो गीत ‘कन्या राशी, सँगै उनले क्रमश ‘मन परेको केटी, फेरि आयो दशैंले घेरेर, भलो हुँदैन, पशुपतिनाथ, नाचिदेउ मायाले छम्म छम्म छम्म, नाच माया, शुभ दशैं, कति मज्जा मज्जा, मेरो प्यारो सिन्धुपाल्चोक, जिन्दगानी आखिर के रैछर, के छ खबर भन्न्नीलाई ठिकै छ’ जस्ता दर्जनौं गीत बजारमा ल्याइसकेका छन् । गायक भारतीले यि गीतमध्ये ‘मेरो प्यारो सिन्धुपाल्चोक’ गीतबाट आम दर्शक श्रोताको मन जित्दै क्रमशः ३ वटा अवार्ड हात पारिसकेका छन् । २०७६ साल फागुनमा भएको नेशनल पावर न्यूज अवार्ड मार्फत सर्वोउत्कृस्ट गायकको अवार्ड हात पारे भने २०७७ मा भएको एपिक म्युजिक अवार्डमा यही गीतबाट जुरी अवार्डको उपाधि प्राप्त गरे । त्यस्तै, यहि गीतले उनलाई २०७७ सालमा सम्पन्न ज्योति फिल्मस् म्युजिक अवार्डबाट सर्वोउत्कृस्ट गीतबाट अवार्ड हात पारेका थिए । उनै गायक भारतीसँग मध्यान्ह दैनिकका **सानु श्रेष्ठ**ले गरेको कुराकानीको सम्पादित अंश :

**के छ हालखबर ?**

अहिलेसम्म एकदमै ठिक छ । आरामै छु भन्नु पर्यो ।

**गीत संगीतको काम कस्तो भइराखेको छ ?**

पछिल्लो समय राम्रै भइरहेको छ । केही गीतहरुले राम्रै चर्चा कमाई राखेका छन् । केही गीतहरु आउने क्रममा पनि छ । हालै मात्रै हाम्रो नयाँ गीत ‘मुटुको टुक्रा’ भाग दुई आएको छ । दर्शक तथा स्रोताहरुले मन पराइदिनु भएको छ । अघिल्लो सिक्वेल हिट भएपछि दोस्रो गीत बजारमा लिएर आएका हौ ।

**पहिलो हिट भएपछि सिक्वेल ल्याउन पनि जरुरत छ र ?**

गीतको माग अनुसार त गर्नै पर्यो नि हैन र ? दर्शकले खोजेपछि हामीले यसैको अर्को भाग निकालेका हौ । अर्को सर्वाधिक दर्शक स्रोताले मन पराइदिनु भएको गीत ‘मेलो बाबा ’ पनि दोस्रो भाग ल्याउने तयारीमा रहेका छौ ।

**मेलो बाबा सर्वाधिक हिट भएको गीत हो । काँठे क्षेत्रको गीत काँठे क्षेत्रमा मात्र नभएर अन्त पनि चलेका छन् । कस्तो लाग्छ ?**

एकदमै खुसी लाग्छ । आफुले पाँच छ वर्षदेखि गरेको गीत संगीतप्रतिको मेहनत हो जस्तो लाग्छ । किनभने अनवरत रुपमा बिगत लामो समय देखि यसैमा लागिरहेको छु । मेहनत गरेपछि फल पनि लाग्छ भन्ने भनाई छ । सायद यहि होला । आफ्नो गीत टिकटकमा उतिकै मात्रामा बजेको छ । एकदमै खुशी छु ।

**गीत हिट भएपछि मेला महोत्सवमा त भ्याइ नभ्याई होला नि ?**

त्यस्तो केहि छैन । अहिले रेकर्ड कै क्रममा रहेका छौ । मेला महोत्सवमा खासै बोलाइएको छैन भन्नु पर्यो । एक दुइ ठाउँबाट चाही कुरा आएको छ । सायद कुरा मिल्यो भन गइन्छ कि ।

महोत्सव भन्दा पनि अहिले रेकर्ड मै व्यस्त हुनुहुन्छ ?

त्यसै भन्नु पर्यो । भर्खरै मात्रै हामीले ‘मुटुको टुक्रा’ भाग दुइ बजारमा लिएर आएका छौ । अरु गीतहरु पनि रेडर्क भइरहेका छन् ।

**तपाई खासमा गायक बन्न भनेर काठमाडौं आउनुभएको थियो । तर, तपाईको स्वर भन्दा पनि शब्द, लयमा पो अगाडि आउनु भएको देखिन्छ । यसलाई कसरी लिनुहुन्छ ?**

मलाई एउटा सर्जकका रुपमा हेर्दा नै बेष्ट होला । किनभने म गायनमा पनि उतिकै मात्रामा अगाडि आइरहेको छु । केही समय अगाडि रिलिज भएको ‘मेलो बाबा’ बोलको गीतले युटुबमा मात्र नभएर सामाजिक सञ्जाल टिकटकमा हिट भएको छ । यसले पनि आफुलाई स्रोतामाझ चिनाउन पाउँदा खुशी लागेको छ ।

**कस्ता प्रकारका गीतहरु गाउन र शब्द कोर्न रुचाउनुहुन्छ ?**

साँस्कृतिक पहिचानका र रमाइला गीतका शब्दहरु कोर्न रुचाउँछु ।

**तपाईको सांगीतिक क्षेत्रमा प्रवेश गर्दाका क्षण कस्तो थियो र कतिको सजिलो थियो ?**

हरेक नयाँ कलाकारहरुलाई सुरुवातको समयमा एकदमै गाह्रो हुन्छ । मलाई पनि निकै कठिन भएको थियो । कहाँ गएर गीत गाउने होला ? कसो गर्ने होला । गीत गाउन रहर भएता पनि गीत रेकर्ड गर्नका लागि खर्च अभाव थियो । यहि सिलसिलामा मैले नाइटमा दोहोरीमा गीत गाउन थाले । मैले यो क्षेत्रमा जम्नका लागि निकै मेहनत गरेको छु ।

**अहिले पनि दोहोरी साँझतिरै हुनुहुन्छ कि छोड्नुभयो ?**

मैले छाडेको छैन । अहिले पनि दोहोरी साँझ तिर काम गरिरहेको छु । मलाई मैले काठमाडौं आएपछि यसैबाट सुरुवातमा काम गरेको हो । यसलाई छोड्ने कुरै भएन नि ।

**दोहोरी साँझमा काम गर्दा के सिक्नुभयो ?**


मैले दोहोरी साँझमा काम गर्न थालेपछि त्यसको भाकाहरु मिलाउन सिके । शब्द चयनहरु सिके । दोहोरी साँझमा गीत गाइसके पछि एउटा मेरो लागि गीतसंगीतका बारेमा सिक्ने थलोका रुपमा लिन्छु । कतिपयले यसलाई नराम्रो दृष्टिले पनि हेर्छन् । उहाँहरुले सोचे अनुसारको भने यहाँ हुँदैन । किनभने नेपाली पहिचान, दौरा सुरुवाल अनि ढाका टोपीमा सजिएर गाउनु पर्ने हुन्छ । छोरी चेलीहरुले नेपाली पोशाकमा नै नेपाली भाकाहरु गाउने गरेका छन् । यसलाई एकदमै राम्रो मानिन्छ । म चाही दोहोरी साँझलाई गायनको एक पाठशालाका रुपमा लिने गरेको छु । किनभने यहाँ बाहिर रियाज गर्न नभ्याउदा यहाँ आएपछि गीत गाउन सुर गरिन्छ । त्यसले मलाई धेरै कुरा सिकाएको छ ।

**भने पछि तपाईको बिचारमा दोहोरी साँझ गायनका लागि पाठशाला हो ?**

पक्कै पनि । त्यहाँ धेरै खाल्का भाकाहरु गाउन पाइन्छ । त्यसले मान्छेलाई लोक तथा दोहोरी गीतका बारेमा हरेक कुरा सिकाउँछ । आफुले दोहोरी गीतमा नजानेका कुराहरु यसमा लागेपछि चारैतिरका भाकाहरु सुन्न र सिक्न पाइन्छ । त्यस कारण पनि यो एउटा पाठशाला हो ।

**अन्तमा अबको योजना के छ ?**

अबको योजना गीत संगीतलाई अगाडि बढाउने हो । तीज आउदैछ । केहि तीतका गीत र केही दशैंका गीतहरु पनि बजारमा ल्याउने जमर्को गर्दैछौं । अहिले यसैमा व्यस्त छु भन्नु पर्यो ।



## तुलसालयसहित विभिन्न संस्था तथा व्यक्ति पुरस्कृत

**काठमाडौं/मस–** अनाथ तथा असहाय व्यक्तिको उद्धार गरी आश्रय दिइरहेको तुलसालय आश्रमसहित विभिन्न संस्था तथा व्यक्तित्व पुरस्कृत भएका छन् । शनिबार आयोजित कार्यक्रममा एनएण्डजे इन्टरटेनमेन्ट एनवाइ इन्क, अमेरिकाद्वारा ती संस्था तथा व्यक्तित्व पुरस्कृत भएका हुन् ।




ललितपुर महानगरपालिका-२५ भैँसेपाटीमा अवस्थित तुलसादेवी हरिहर फाउण्डेसनद्वारा सञ्चालित तुलसालय आश्रममा हाल २७ बालबालिका, ज्येष्ठ नागरिक र मानसिक रोग भएका आश्रित छन्। उक्त प्रतिष्ठानका अध्यक्ष सरु सुवेदीलाई नगद रु २५ हजारसहित सम्मानपत्र प्रदान गरिएको हो ।

पुरस्कृति हुने अन्य संस्थामा लक्ष्मी प्रतिष्ठानका लागि सो संस्थाका अध्यक्ष विष्णु गौतम, पूर्वेली न्यूज डटकमका मणिराम दाहाल, इ-नेप्लिज डटकमका विश्वराज थापालगायत रहेका छन् ।

त्यसैगरी साहित्यकारहरु माया ठकुरी, कृष्ण प्रधान, प्रा डा. गार्गी शर्मा, गायक ओमविक्रम विष्ट, काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह, धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ राई छन् । उनीहरुलाई सबैलाई जनही रु २५ हजार नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो । अमेरिकामा बसोबास गर्नुहुने साहित्यकार कमला प्रसाईंले एनएण्डजे इन्टरटेनमेन्ट एनवाइइन्क नामक संस्था स्थापना गरी नेपाली भाषा साहित्य र समाजसेवाका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तित्वलाई प्रदान गर्ने गरी यी पुरस्कार स्थापना गरिएको हो ।

पुरस्कार प्रदान गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले नेपाली भाषा र साहित्यका साथै समाजसेवाका विशिष्ट क्षेत्रमा काम गरिरहेका व्यक्तित्वलाई पुरस्कार तथा सम्मान प्रदान गरेकामा खुसी व्यक्त गरे ।

वरिष्ठ निबन्धकार कृष्ण प्रधानले सिलीगुडी बसिरहेको आफूलाई पनि सम्झेर सम्मान प्रदान गरेकामा खुसी व्यक्त गर्दै यस्ता कार्यले स्रष्टालाई आगामी दिनमा अघि बढ्ने उत्प्रेरणा मिल्ने बताए । उक्त संस्थाका संस्थापक कमला प्रसाईंले आफू विदेशी भूमिमा रहेको भए पनि नेपाली भाषामा योगदान दिने र नेपालको समाजसेवाका क्षेत्रमा क्रियाशील रहने व्यक्तिको स्मरण र सम्मान होस् भनेर यी पुरस्कार स्थापना गरेको जानकारी दिए ।

## प्रेमगीत ३ को हिन्दी टिजर सार्वजनिक




**काठमाडौं/मस–** नेपालसँगै भारतमा पनि एकैदिन प्रदर्शनको तयारीमा रहेको नेपाली चलचित्र ‘प्रेमगीत ३’ को हिन्दी संस्करणको टिजर ट्रेलर सार्वजनिक भएको छ । भारतीय फिल्म समीक्षकहरुले शनिबार बिहानै सामाजिक सञ्जालमार्फत टिजर रिलिज गरेका छन् । टिजरले मुख्य पात्र प्रेम (प्रदीप खड्का)को चरित्रले गीत वा राजगद्दीमध्ये एक चुन्नुपर्ने बाध्यतालाई दर्शाइएको छ ।

१ मिनेट लामो टिजरमा प्रदीपलाई पर्याप्त स्थान दिइएको छ । टिजरमा प्रेम र रोमान्सका दृश्यभन्दा द्वन्द्वलाई प्राथमिकता दिएको छ । प्रेमगीतको ब्रान्ड भ्यालु चाहिँ रोमान्स नै हो । हिउँले भरिएको मुस्ताङी दृश्य आकर्षक छन् । टिजरमा प्रदीपबाहेक कृष्टिना गुरुङ, शिव श्रेष्ठ, मनिष राउत, सुनिल थापा, लक्ष्मी बर्देवा आदि पनि अटाएका छन् । छेतेन गुरुङ र सन्तोष सेन निर्देशित फिल्म नेपाल र भारतमा असोज ७ गते रिलिज तयारी छ ।

निर्माताले फिल्मलाई हिन्दीमा डबिङ गरेर हलमा प्रदर्शन गर्न लागेको पहिलो फिल्मको रुपमा प्रचारप्रसार गरेको छ । ट्रेलर ५ दिनपछि सार्वजनिक हुने निर्माण टिमले जनाएको छ ।

## वरिष्ठ पत्रकार रिसालको ‘छानिएका रचना’ सार्वजनिक

**काठमाडौं/मस–** वरिष्ठ पत्रकार भैरव रिसालद्वारा लिखित ‘छानिएका रचना’ सार्वजनिक भएको छ । सिमल बुक पब्लिकेशनले शनिबार आयोजना गरेको पुस्तक लोकार्पण कार्यक्रममा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी, समाजसेवी तथा वरिष्ठ चिकित्सक गौरीशङ्करलाल दास, लेखक रिसाल र डा गोविन्द सार्की नेपालीले संयुक्तरूपमा लोकार्पण गरेका हुन् । वरिष्ठ पत्रकार रिसालको ९५औं जन्मदिनको अवसरमा पुस्तक विमोचन गरिएको हो । पुस्तकमा मजदुर (दैनिक) र श्रमिक (साप्ताहिक) पत्रिकामा छापिएका करिब दुई सय लेखमध्येबाट छानेर करिब ६५ लेखलाई पुस्तकमा समावेश गरिएको छ । सिमल बुक पब्लिकेशनले प्रकाशन गरेको सो पुस्तकको मूल्य रु ५०० रहेको छ ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
को
**शाखा कार्यालय बागबजार, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना**
(प्रकाशित मिति : २०७९/०४/२९ गते)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकको शाखा कार्यालय बागबजार, काठमाण्डौबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरू र जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरू, व्यक्तिगत जमानीकर्ताहरू तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरू र जमानीकर्ताहरूको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**१ ऋणीको विवरण**
नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनी ऐन २०५३ बमोजिम मिति २०५८/१२/२१ मा दर्ता नं. १८३४०/०५८/०५९ कायम भई काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ९ पिंगलस्थान, गौशाला स्थित दर्ता कार्यालय रहेको **ग्रेटर भिजन ओभरसिज प्रा.लि.**
**संचालक : राजु राई**

**व्यक्तिगत जमानतकर्ताहरू**
नाम : **राजु राई**, बाबु : पदम बहादुर राई, बाजे : अतम्बर राई, ठेगाना : शनिश्चरे वडा नं. ६, मोरङ, ना.प्र.प.नं. : १९२९/२१९६, मोरङ
नाम : **रमा राई**, पति : राजु राई, ससुरा : पदम बहादुर राई, ठेगाना : शनिश्चरे वडा नं. ६, मोरङ, ना.प्र.प.नं. : ८७७/७९५६, मोरङ
नाम : **सुवास राई**, बाबु : दिल्ली शेर राई, बाजे : वुद्धि मान राइ, ठेगाना : खिदिमा वडा नं. ९, खोटाङ, ना.प्र.प.नं. : १२-०१-७१-०२०६६, खोटाङ

**२ ऋणीको विवरण**
नाम : **राजु राई**, बाबु : पदम बहादुर राई, बाजे : अतम्बर राई, ठेगाना : शनिश्चरे वडा नं. ६, मोरङ, ना.प्र.प.नं. : १९२९/२१९६, मोरङ

**व्यक्तिगत जमानतकर्ताहरू**
नाम : **रमा राई**, पति : राजु राई, ससुरा : पदम बहादुर राई, ठेगाना : शनिश्चरे वडा नं. ६, मोरङ, ना.प्र.प.नं. : ८७७/७९५६, मोरङ
नाम : **राम हिरा देवी राई**, पति : पदम बहादुर राई, ससुरा : अतम्वर राई, ठेगाना : शनिश्चरे वडा नं. ६, मोरङ, ना.प्र.प.नं. : २६६९/१५३७, मोरङ

**३ ऋणीको विवरण**
नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४/११/१० मा दर्ता नं. ५१८५८/०६४/०६५ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ५ गोंगबु स्थित दर्ता कार्यालय रहेको **नेपाल गेट वे ओभरसिज प्रा.लि.** **संचालक : अमित श्रेष्ठ**

**व्यक्तिगत जमानतकर्ताहरू**
नाम : **अमित श्रेष्ठ**, बाबु : तिर्थराम श्रेष्ठ, बाजे : अकलमान श्रेष्ठ, ठेगाना : का.म.न.पा.-२५, काठमाण्डौ, ना.प्र.प.नं. : ११०४९, काठमाण्डौ
नाम : **तिर्थराम श्रेष्ठ**, बाबु : अकलमान श्रेष्ठ, बाजे : सन्तमान श्रेष्ठ, ठेगाना : का.म.न.पा. १०, काठमाण्डौ, ना.प्र.प.नं. : २७१०६०/१०७६९९, काठमाण्डौ
नाम : **स्मृति श्रेष्ठ**, पति : अमित श्रेष्ठ, ससुरा : तिर्थराम श्रेष्ठ, ठेगाना : का.म.न.पा. वडा नं. १, काठमाण्डौ, ना.प्र.प.नं. : ८१७९, काठमाण्डौ
नाम : **मुन्नु श्रेष्ठ**, पति : तिर्थराम श्रेष्ठ, ससुरा : अकलमान श्रेष्ठ, ठेगाना : का.म.न.पा.-१०, काठमाण्डौ, ना.प्र.प.नं. : १८२/०३४/०३५, सल्यान
नाम : **रिङ्गला श्रेष्ठ**, बाबु : कृष्ण लाल श्रेष्ठ, बाजे : धन लाल श्रेष्ठ, ठेगाना : का.म.न.पा.-२९, काठमाण्डौ, ना.प्र.प.नं. : १००८२, काठमाण्डौ
नाम : **राज श्रेष्ठ**, बाबु : कुल नरसिंह श्रेष्ठ, बाजे : पूर्ण बहादुर श्रेष्ठ, ठेगाना : का.म.न.पा वडा नं. १, काठमाण्डौ, ना.प्र.प.नं. : २७१०६०/५१०८, काठमाण्डौ

**४ ऋणीको विवरण**
नाम : **अमित श्रेष्ठ**, बाबु : तिर्थराम श्रेष्ठ, बाजे : अकलमान श्रेष्ठ, ठेगाना : का.म.न.पा.-२५, काठमाण्डौ, ना.प्र.प.नं. : ११०४९, काठमाण्डौ

**व्यक्तिगत जमानतकर्ताहरू**
नाम : **तिर्थराम श्रेष्ठ**, बाबु : अकलमान श्रेष्ठ, बाजे : सन्तमान श्रेष्ठ, ठेगाना : का.म.न.पा. १०, काठमाण्डौ, ना.प्र.प.नं. : २७१०६०/१०७६९९, काठमाण्डौ
नाम : **स्मृति श्रेष्ठ**, पति : अमित श्रेष्ठ, ससुरा : तिर्थराम श्रेष्ठ, ठेगाना : का.म.न.पा. वडा नं. १, काठमाण्डौ, ना.प्र.प.नं. : ८१७९, काठमाण्डौ
नाम : **मुन्नु श्रेष्ठ**, पति : तिर्थराम श्रेष्ठ, ससुरा : अकलमान श्रेष्ठ, ठेगाना : का.म.न.पा.-१०, काठमाण्डौ, ना.प्र.प.नं. : १८२/०३४/०३५, सल्यान

**५ ऋणीको विवरण**
नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनी ऐन, २०५३ बमोजिम मिति २०६०/०४/१३ मा दर्ता नं. २४६२४/०६०/०६१ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ३, महाराजगंज स्थित दर्ता कार्यालय रहेको **डाएमण्ड ओभरसिज सर्भिसेज प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरू**
नाम : **टंक बहादुर घिसिङ**, बाबु : हर्ज जंग घिसिङ, बाजे : धन बहादुर घिसिङ, ठेगाना : दोखु वडा नं. २, ताप्लेजुङ्ग, ना.प्र.प.नं. : ३६६६/१९६०, ताप्लेजुङ्ग
नाम : **काजिमान थापा**, बाबु : वल बहादुर थापा, बाजे : श्री बहादुर थापा, ठेगाना : ग्वाघा वडा नं. २, गुल्मी, ना.प्र.प.नं. : ३७३, गुल्मी
नाम : **दालमु कित्तर घिसिङ**, पति : टंक बहादुर घिसिङ, ससुरा : हर्ज जंग घिसिङ, ठेगाना : बुढानिलकण्ठ-१३, काठमाण्डौ, ना.प्र.प.नं. : २९३६, काठमाण्डौ

**६ ऋणीको विवरण**
नाम : **दालमु कित्तर घिसिङ**, पति : टंक बहादुर घिसिङ, ससुरा : हर्ज जंग घिसिङ, ठेगाना : बुढानिलकण्ठ-१३, काठमाण्डौ, ना.प्र.प.नं. : २९३६, काठमाण्डौ

**व्यक्तिगत जमानतकर्ता**
नाम : **टंक बहादुर घिसिङ**, बाबु : हर्ज जंग घिसिङ, बाजे : धन बहादुर घिसिङ, ठेगाना : दोखु वडा नं. २, ताप्लेजुङ्ग, ना.प्र.प.नं. : ३६६६/१९६०, ताप्लेजुङ्ग

**७ ऋणीको विवरण**
नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५/०४/०२ मा दर्ता नं. ५४५६४/०६५/०६६ कायम भई दर्ता भएको काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ५ गोंगबु स्थित दर्ता कार्यालय रहेको **सेफल्याण्ड ओभरसिज प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरू**
नाम : **सुरेन्द्र कुमार तमाङ**, बाबु : पदम बहादुर तमाङ, बाजे : मनि राज तमाङ, ठेगाना : बाँझाखेत वडा नं. ५, लमजुङ, ना.प्र.प.नं. : २३५३४, लमजुङ
नाम : **शर्मिला तामाङ**, पति : सुरेन्द्र कुमार तामाङ, ससुरा : पदम बहादुर तामाङ, ठेगाना : बाँझाखेत वडा नं. ५, लमजुङ, ना.प्र.प.नं. : ४५१०४९/२८२२, लमजुङ
नाम : **वामस्यो तमाङ भन्ने रसमाया गुरूङ**, पति : पदम बहादुर तमाङ गुरूङ, ससुरा : मनिराज तामाङ्ग, ठेगाना : बाँझाखेत-५, लमजुङ, ना.प्र.प.नं. : ५२६, लमजुङ
नाम : **बिम बहादुर तमाङ (गुरूङ)**, बाबु : धन बहादुर तमाङ (गुरूङ), बाजे : चुल बहादुर तमाङ, ठेगाना : बाहुनडाँडा वडा नं. १, लमजुङ, ना.प्र.प.नं. : १५५२७, लमजुङ
नाम : **बैश बहादुर तामाङ**, पति : पदम बहादुर तामाङ, बाजे : मनि राज तामाङ, ठेगाना : बाँझाखेत वडा नं. ५, लमजुङ, ना.प्र.प.नं. : २७२३९, लमजुङ

मध्यान्ह
www.madhyanhadaily.com



# नवौं राष्ट्रिय खेलकुदको तयारी तीव्र




**म्याग्दी/मस**-जिल्ला खेलकुद विकास समिति म्याग्दी यतिबेला नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि खेलाडी छनोटको तयारीमा लागेको छ ।

प्रदेश खेलकुद परिषद्को खेल कार्यातालिका अनुसार नवौँ राष्ट्रिय भलिबल प्रतियोगितामा सहभागी हुने म्याग्दी जिल्लाका सम्पूर्ण भलिबल खेलाडीलाई आगामी भदौ ३ गतेसम्म खेलाडी दर्ता फारम भर्न र व्यक्तिगत तयारी गर्नका लागि जिल्ला भलिबल संघले आह्वान गरेको छ ।

त्यस्तै भलिबल संघमा आवद्ध म्याग्दी जिल्लाका सम्पूर्ण आधिकारिक रेफ्रीलाई भदौ ३ गतेभित्र बेनीको शिक्षामार्गस्थित संघको कार्यालयमा सम्पर्क गरी लाइसेन्स नवीकरण शुल्क बुझाउन अनुरोध गरेको छ । नवीकरण दर्ता शुल्क नबुझाउने रेफ्रीलाई संघले कुनै पनि मान्यता नदिने निर्णय गरिएको संघका महासचिव कुमार किसानले जानकारी दिए ।

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता तयारीका लागि पाँच सदस्यीय जिल्ला छनोट समिति पनि गठन भएको छ । समितिको संयोजकमा संघका उपाध्यक्ष खड्क केसी र सदस्यमा सङ्घका उपाध्यक्ष राजकुमार भण्डारी, महासचिव कुमार किसान, सदस्य मनोज खड्का र गङ्गा तिलिजा रहेका छन् ।

जिल्ला छनोट प्रतियोगितालाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि उपसमितिसमेत गठन गरिएको छ । उपसमितिका संयोजकमा अशोक शाही र सदस्यमा रामबहादुर गुरुङ, अरुण तिलिजा, समुन केसी, सनमान जुग्जाली र चित्र घर्ती रहेका संघले जनाएको छ ।

जिल्लामा विभिन्न संघसंस्था तथा क्लबले भलिबल प्रतियोगिता सञ्चालन गर्न अनिवार्यरूपमा संघको कार्यालयमा सम्पर्क तथा समन्वय गर्न आह्वान गरेको छ । साथै रेफ्री, अफिसियल शीर्षकमा बजेट व्यवस्थापन गरी प्रतियोगितालाई थप व्यवस्थित र नीति-नियममा रहेर सञ्चालन गर्न सुझावस्वरुप पत्रचार गर्ने निर्णय गरिएको संघका महासचिव किसानले बताए ।

सदरमुकाम बेनीमा भलिबल संघको आफ्नै कोर्ट नभएको, विगतदेखि हालसम्म खेलमैदानको अभावमा तालिम वा खेल सञ्चालन गर्न निजी विद्यालयको खेलमैदान प्रयोग गर्नुपर्ने अवस्था रहेको छ । खुलामञ्चबाहेक अरु विकल्प नरहेको परिस्थितिमा तत्कालका लागि अस्थायीरूपमा भए पनि कुनै व्यक्तिको जग्गा भाडामा लिएर खेलअभ्यास तथा प्रतियोगिता सञ्चालन गर्ने योजना अघि सारेको संघले यस कार्यमा आवश्यक सहयोगका लागि सबै पक्षसँग समन्वय गर्ने निर्णय गरेको छ ।

गाउँ-गाउँमा माटोको भलिबल कोर्टलाई प्लास्टर तथा ढलान गरी पक्की बनाउने कार्य भइरहकाले यसबाट भलिबल खेल क्षेत्रलाई भविष्यमा ठूलो असर पुऱ्याउने खतरा देखिएकाले यसको विकल्पमा छुट्टै खेलमैदान बनाउनका लागि सबै क्लबलाई सचेत गराउने गरी जिल्लाभर अभियान सञ्चालन गरिने संघले जनाएको छ ।

नवौँ राष्ट्रिय खेलकुदअन्तर्गत राष्ट्रिय महिला भलिबल प्रतियोगितालाई म्याग्दीमा सञ्चालन गर्नका लागि पहल गरिरहेको संघले खेलतालिका जिल्लामा परेको खण्डमा उत्कृष्ट व्यवस्थापनका साथ सम्पन्न गर्ने संघले जनाएको छ ।

# मनिष इतिहाद क्लबमा अनुबन्ध




**काठमाडौं/मस**-नेपाली राष्ट्रिय टिमका फरवार्ड मनिष डाँगी अन्तर्राष्ट्रिय क्लबमा अनुबन्ध भएका छन् । बहराइनको अमेच्योर फुटबल क्लब इत्तेहादले मनिषलाई आगामी सिजनको लागि अनुबन्ध गरेको हो ।

क्लबले सामाजिक सञ्जाल इन्स्टाग्राममार्फत उनलाई अनुबन्ध गरिएको जानकारी गराएको छ ।

मनिषले च्यानम्पियन मछिन्द्र एफसीबाट गत सिजन ए डिभिजन लिग खेलेका थिए । २० वर्षीय मनिषले २०२१ मे मा इराकविरुद्ध राष्ट्रिय टिमबाट डेब्यु गर्दै गोलसमेत गरेका थिए ।

दक्षिण कोरियामा फुटबल सिकेका उनले नेपालको यू-१९ र यू-२३ टिमबाट समेत खेलिसकेका छन् । यस्तै विराटनगर सिटी एफसीबाट नेपाल सुपर लिग खेलेका थिए । मनिषले नेपालका लागि १४ खेल खेल्दै २ गोल गरेका छन् ।


## मलेसियामा रोजगारको अवसर

कम्पनी : MITRAFORCE SDN.BHD.
शहर: Malaysia

पूर्व स्वीकृत मिति: २०७९/04/२७ चलानी नं.: ६०१८५२३५ LT. No.: 269345

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ५ गते (21 August 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 1170/073/074

LEADING AIM INTERNATIONAL PVT. LTD
Basundhara-3, Kathmandu, Tel: 01-5904026
Email: leadingaim04@gmail.com, Web.: www.leadingaim.com.np


# कर्णालीमा फुटबल प्रशिक्षक प्रशिक्षण कोर्ष सम्पन्न




**सुर्खेत/मस**- कर्णालीमा सञ्चालन गरिएको चार दिने प्रशिक्षण प्रशिक्षक कोर्ष सम्पन्न भएको छ ।

एन्फाको सहयोग र जिल्ला फुटबल संघ सुर्खेतद्वारा आयोजित चारदिने प्रशिक्षक कोर्ष सुर्खेतमा सम्पन्न भएको हो । कार्यक्रममा कम्युनिटी कोचिङ कोर्ष एन्फाका केन्द्रीय सदस्य रविन चन्दले आधार भूतरूपमा दिइएको प्रशिक्षक कोर्षसम्बन्धी तालिमले खेल र खेलाडीका लागि विकास एवं अवसर दुवै हुने विचार राखेका थिए ।

कम्युनिटी कोर्ष गरेपश्चात् क्लबसँग समन्वय गरी अगाडि बढ्ने जनाउँदै केन्द्रीय सदस्य चन्दले आगामी प्रशिक्षणमा पनि एन्फाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

कर्णाली प्रदेशमा पहिलोपटक आयोजित प्रशिक्षणले फुटबल क्षेत्रमा विकासमा ठूलो सहयोग पुग्ने एन्फाका सदसय सञ्जिव सिंहले बताए ।

उनले सुर्खेतबाट श्रीलंका जाने क्याम्पमा धनसिं विकजस्ता खेलाडी छनोट हुनु गौरवको विषय भएको बताए ।

प्रशिक्षक एवं एन्फा सदस्य नवीन महर्जन तथा सैनिक आवासीय विद्यालय सुर्खेतका प्राचार्य प्रेमबहादुर विश्वकर्माले प्रशिक्षणले खेल क्षेत्रमा आकर्षण बढ्ने बताए । उक्त कार्यक्रममा साविक मध्यपश्चिमाञ्चल विकास क्षेत्रका ३० जना खेलाडीको सहभागिता रहेको थियो ।

# खेलकुद पत्रकार मञ्च कैलालीको अध्यक्षमा पाठक



**कैलाली/मस**-नेपाल खेलकुद पत्रकार मञ्च समन्वय शाखा कैलालीको अध्यक्षमा प्रदीप पाठक चयन भएका छन् ।

मञ्चको शनिबार भएको चौथो साधारणसभा तथा तेस्रो अधिवेशनबाट पाठक सर्वसम्मत अध्यक्षमा चयन भएका हुन् ।

मञ्चको प्रथम उपाध्यक्षमा शंकर बोहरा, उपाध्यक्षमा दिनेशबहादुर विष्ट र गगन अयडी, महासचिवमा हरि जोशी, सचिवमा विराज रोश्यारा र कोषाध्यक्षमा नवराज पनेरु चयन भएका छन् । सदस्यमा निराजन परियार, सविता बुढा, डिल्लीराज ओझा, पाण्डव पुजारा र निर्मला खडायत रहेका छन् । मञ्चको समन्वय शाखा कैलालीले बर्सेनि स्पोर्ट्स अवार्ड कार्यक्रमको आयोजना गर्दै आएको छ । कोरोना कालमा जोखिम न्यूनीकरणका लागि मञ्चका सदस्यको कोरोना बीमा पनि गरेको थियो ।


बागमती प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

**यातायात पूर्वाधार निर्देशनालय, पूर्वाधार विकास कार्यालय**

काभ्रेपलाञ्चोक, बागमती प्रदेश, नेपाल

**खोपासी- खल्थली सडक अन्तर्गत पर्ने रोशी खोला खल्थली पक्की पुल (३० मी.)ररोशी खोला अन्तर्गतको बाउन्ने सडकपुल (४० मी.) काभ्रेपलाञ्चोक जिल्ला, बागमती प्रदेशकोनिर्माण कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्बजनिक सूचना**

प्रकाशन मिति: २०७९/०४/२९

बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, पनौती नगरपालिकामा पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोकद्वारा निम्न बमोजिम प्रस्ताब कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोक, बागमती प्रदेश** |
| **प्रस्तावको व्यहोरा** | १.खोपासी-खल्थली सडक अन्तर्गत पर्ने रोशी खोला खल्थली पक्की पुल<br>पुलको लम्वाई/स्पान- ३० मीटर, १ स्पान<br>क्यारेजवेको चौडाई ६ मीटर, फुटपाथको चौडाई २ x १.२ मी.<br>पुलको प्रकार Simply supported Span, Cast-In-Situ,2 webbed Pre-stressed Concrete slab-deck, पुलको कुल चौडाई ८.४ मी. |
| | २. रोशी खोला अन्तर्गतको बाउन्ने सडकपुल<br>पुलको लम्वाई/स्पान- ४०मीटर,१ स्पान<br>क्यारेजवेको चौडाई ७. ५ मीटर, फुटपाथको चौडाई २ x १.५ मी.<br>पुलको प्रकार Simply supported Span, Cast–In–Situ,2 webbed Pre–stressed Concrete slab–deck |
| **प्रभाब पर्न सक्ने जिल्ला न.पा र वार्ड** | दाँया र बाँया किनार दुबै तर्फ पनौती नगरपालिका वार्ड नं.९ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिबेदन तयारी गर्ने क्रममासो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाब पर्दछ भनि या यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्बजनिक प्रकाशन भएकोमितिलेपन्ध्रदिनभित्रनिम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

| प्रस्ताबकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **बागमतीप्रदेशसरकार - भौतिक पूर्वाधार विकास मन्त्रालय**<br>यातायात पूर्वाधार निर्देशनालय<br>पूर्वाधार विकास कार्यालय<br>काभ्रेपलाञ्चोक, बागमतीप्रदेश | **इन्फ्राटेक डिजाइनर्स एण्ड बिल्डर्स प्रा.लि.**<br>काठमाडौं<br>फोन : ९८५१०८३९६६<br>ईमेल : igoit@yahoo.com |



## धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

संखुवासभा,
प्रदेश नं १, नेपाल

**लेखा परीक्षक सूचिकृत हुने सूचना**

**प्रथम पटक प्रकासित मिति: २०७९/०४/२९**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको आ.व. २०७८/७९ को वार्षिक आर्थिक लेखा परीक्षण गर्न चाहने लेखा परीक्षकहरु वा फर्महरुले तपसिल बमोजिमका कागजात तथा शर्तहरुको अधिनमा रहि यो सूचना प्रकासित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासन गरिएको छ ।

**तपसिल:**

१. सूचीकृत हुन पाउँ भन्ने निवदेन ।
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
३. पेसागत प्रमाण पत्र ICAN मा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
४.नवीकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
५. स्थायी लेखा नं. को प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
६. लेखा परीक्षक बहालवाला कर्मचारी भए विभागीय स्वीकृत पत्रको प्रमाणित प्रतिलिपि ।

**सर्तहरु**

१. सूचीकृत हुने व्यक्ति वा फर्मले यस कार्यालयको नेपाल एस.वि.आई. बैङ्क लि., धर्मदेवी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. ग-१-१, ४१३९५२४१२०७००४ मा वा धर्मदेवी नगरपालिकाको राजस्व शाखामा सम्पर्क गरी रु १,०००।- (अक्षरेपि: एक हजार मात्र) राजश्व जम्मा गरेको भौचरको सक्कलै प्रतिलिपि ।
२. निवेदन दिने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट निवदेन दर्ता गर्न सकिनेछ ।
३. लेखा परिक्षकमा सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार धर्मदेवी नगरपालिकासँग हुनेछ ।
४.रित नपुगी वा समय सीमाभन्दा पछि प्राप्त भएका निवेदन उपर कुनै कारवाही हुने छैन ।
५. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Kalinchok Rural Municipality
### Office of the Rural Municipal Executive

Sunkhani, Dolakha
Bagmati Pradesh Nepal

**Invitation for Bids**

**Date of publication : 2079/4/29 (14 August 2022)**

1. Kalinchok Rural Municipality invites sealed bids or electronic bids from eligible bidders for the following project as stated in SN 1&2 under National Competitive Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. Eligible Bidders may obtain the the Bidding Documents at the office of Kalinchok Rural Municipality,Office of the Rural Municipal Executive,Sunkhani , Dolakha or may visit PPMO website www.bolpatra.gov.np/egp.

| SN | Name of project | Contract no. | Estimated amount (exclusive VAT), NRs. | Bid Security Amount, NRs. | Bid purchase amount amount, NRs. |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Ghattekhola kalinchok Sadak Ward no 05 | KRM/NCB/ Works/Dolakha/ 06/2079/080 | 1,70,16,897.39 | 500000.00 | 3000.00 |
| 2 | Upgrading of Gujarpa Tutuwan Sadak Ward no 06 | KRM/NCB/ Works/Dolakha/ 07/2079/080 | 17016992.83 | 500000.00 | 3000.00 |

For further information: (website : kalinchowkmun.gov.np

**Chief Administrative Officer**

# मेला दीगो व्यवसायको लागि हो



महिला उद्यमी महासंघ नेपालले आगामी भदौ २ गतेबाट ६ गतेसम्म छैटौं अन्तर्राष्ट्रिय महिला उद्यमी मेला, २०७९ को आयोजना गर्दैछ । सो मेलामा स्वदेशी तथा विदेशी महिला उद्यमीहरुले आफ्नो उत्पादन तथा सेवालाई पदर्शन गर्ने कार्यक्रम रहेको छ । 'स्वदेशी खाऔं, स्वदेशी लगाऔं, उद्यमशिलता बढाऔं' भन्ने मुल नाराका साथ आयोजना गरिएको सो मेलाको तयारीको बारेमा मध्यान्ह दैनिकका लागि नारायण अर्यालले महासंघकी अध्यक्ष नीरु रायमाझी खत्रीसँग कुराकानी गर्नुभएको छ । प्रस्तुत छ, छैटौं अन्तर्राष्ट्रिय महिला उद्यमी मेला, २०७९ को विषयमा अध्यक्ष खत्रीसँग गरिएको कुराकानीको सम्पादित अंश :

**नीरु रायमाझी खत्री**
अध्यक्ष, महिला उद्यमी महासंघ नेपाल

**छैठौं अन्तर्राष्ट्रिय महिला उद्यमी मेलाको तयारी के कती पुरा गर्नुभएको छ ?**

मेला आयोजनाका सन्दर्भमा हामी झण्डै-झण्डै अन्तिम तयारीको अवस्थामा आइपुगेका छौं । कार्यक्रममा सहभागी हुनुहुने सबै अतिथिहरुलाई निमन्त्रणा पुर्‍याइसकेका छौं । मेलामा भाग लिने अथवा स्टल बुकिङ गर्नेहरुले पनि बुकिङ गरिसक्नुभएको छ । अब नयाँ बुकिङको लागि हामीसँग ठाउँपनि छैन ।

हामीले प्रि इभेन्ट कार्यक्रम भनेर पनि राखेका छौं । त्यसकोलागि आजदेखि २ वटा सेसनमा तालिम पनि हुँदैछ ।

**तपाईंहरुले मेलामा १ सय ९ वटा स्टल राख्ने तयारी गर्नुभएको थियो । के कस्ता उद्यमीहरुले स्टल बुकिङ गर्नुभएको छ ?**

अहिलेसम्म स्टल बुकिङको लागि आउनेको संख्या स्टल भन्दा धेरै नै भइसकेको छ । बढी आउनुभएका केहीलाई हामीले भएका स्टलमा नै मिलाएर राखेका छौं ।

हामीले मेलामा जुन प्रकारका महिला उद्यमीहरु आउन भन्ने उद्देश्य राखेका थियौं, त्यसरी नै खाद्यवस्त, एग्रो उत्पादन, हातले बनेका सामाग्री, टेक्सटाइल, विभिन्न सेवा, तालिम व्यवसाय, वाणिज्य कार्यक्रम लगायतका उद्यमीहरुले स्टल बुकिङ गर्नुभएको छ ।

**तपाईंहरुले मेलालाई व्यापार गर्ने मुख्य उद्देश्यका साथ आयोजना गर्नुभएको छ की, अरु नै उद्देश्य रहेका छन् ?**

मेलामा व्यापारको विषय भै नै हाल्छ । तर, यसको मुख्य पक्ष बिक्री नभएर व्यवसायलाई दिगोपना दिने विषयसँग सम्बन्धित रहको छ । उद्यमीहरुले आफ्नो उत्पादन क-कसलाई बिक्री गर्नुहुन्छ, पोटेन्सियल ग्राहक को-को हुन, यी विषयहरुमा छलफल हुन्छ । आफ्नो सामग्री विदेशसम्म निर्यात गर्ने उद्यमीहरुलाई पनि हामीले निम्त्याएका छौं । उहाँहरुले आफ्नो वस्तु पनि बिक्री गर्नुहुन्छ, छलफलमा पनि सहभागी हुनुहुन्छ । अन्तरर्ाष्ट्रिय बजारमा कस्तो किसिमको वस्तु तथा सेवाको माग छ भन्ने सन्दर्भमा अनुभवीहरुबाट आफ्नो अनुभव साट्ने काम पनि हुन्छ ।

खासमा यो पदर्शनी भनेको दिगो व्यवसायको लागि हो । उत्पादन र बिक्रीको लागि मात्रै नभएर महिला उद्यमीहरुको लागि शसक्तिकरण र उनीहरुलाई आफ्नो क्षमता अभिवृद्धि गर्ने एउटा अवसर पनि हो । पदर्शनीमा हामीले प्यानल छलफलको पाटोलाई पनि राखेका छौं । त्यहाँ व्यापार गर्दाखेरी कसरी कस्ता किसिमका चुनौतीहरु हुन्छन, कस्तो प्रकारको भूमिका हामीले निर्वाह गर्नुपर्छ ? व्यापार गर्दाखेरी हामीले हाम्रो क्षमतालाई अभिवृद्धि कसरी गर्ने भन्ने जस्ता विषयहरुमा पनि छलफल हुन्छ ।

महिला उद्यमीहरुको लागि चाहिने विभिन्न पक्षका कुराहरु जस्तैः फाइनान्स, प्रविधि र कच्चा पदार्थ जस्ता कुराहरुको व्यवस्थापनको लागि पनि हामीले प्यानलमा छलफल गर्छौं । सो छलफलमा निजी क्षेत्र, उद्यमी महिला र नेपाल सरकारका प्रतिनिधि समेतको सहभागिता हुन्छ । त्यसैले मेलामा बिक्री मात्रै नभएर हाम्रो उद्यम वा व्यवसायलाई कसरी हामीले पछिसम्म लैजान सक्छौं भन्ने विषयले मुख्य स्थान प्राप्त गर्छ ।

**के मेलाबाट तपाईंले भनेजस्तै वृहत छलफल गरेर राज्यलाई केही सुझाव पनि दिँदै हनुहुन्छ ?**

हामीले मेलामा व्यापार र उद्यम गरी दुई प्यानलमा छलफल पनि गर्छौं । सो छलफलमा हामी सबै उद्यमीहरुले आफुले आर्जन गरेको अनुभवलाई एक आपसमा बाँड्नेछौं । सो छलफलबाट हामीले एउटा निष्कर्ष निकालेर त्यसलाई दस्ताबेजीकरण गर्नेछौं । त्यो हामी सबैको लागि पनि राम्रो हुन्छ र त्यसलाई हामीले सरकारलाई पनि सुझावको रुपमा प्रदान गर्नेछौं ।

**मेलामा विदेशी उद्यमी महिलाहरुको पनि सहभागिताको कुरा उठाउनुभएको थियो । को-को विदेशी उद्यमी महिलाहरु सहभागी हुँदैछन ?**

मेलामा खासगरी सार्क मुलुक भित्रका महिला उद्यमीहरु, कम्बोडियाका उद्यमी, अफगानिस्ता र चीनका महिला उद्यमीहरुलाई सहभागी गराउने प्रयत्न गरेका हौं । तर, कोभिडको प्रभावको कारणले केही उद्यमीहरुले नआउने जानकारी पठाउनुभएको छ । उहाँहरुले हाम्रो मेलालाई भर्चुअल ढंगले नै अवलोकन गर्नुहुनेछ । तरपनि भारत, चीन लगायतका ५/७ वटा ठाउँबाट भने मेलामा सहभागिता जनाउने कन्फर्मेसन आइसकेको छ । इटालियन कम्पनी र अमेरिकन कम्पनीसँगै अन्य केही प्रतिष्ठित कम्पनीहरुले पनि मेलामा सहभागिता जनाउने कुराको कन्फर्मेसन गरेका छन् ।

VACANCY ANNOUNCEMENT

Aakarshan International Pvt.ltd., an ethical and responsible recruitment Organization is inviting candidates for the following positions:

**1. Admin & HR Executive**

**Key Areas of Requirements for applying:**
- Setting HR plans, policies and execute the policies under the minimum supervision.
- Should have at least bachelors' degree.
- Should have HR related knowledge and 3-4 years experience in related filed.

**2. International Marketing Executive**

**Key Areas of Requirements for applying:**
- Able to establish policy guidelines for marketing, monitor work performance.
- Having 2-3 years prior experience in related field.
- Should have at least bachelors' degree.

**3. Public Relation Executive**

**Key Areas of Requirements for applying:**
- Develop and implement PR policies and procedures.
- Having prior experience in related field.

*Attractive salary to the deserving candidates.*
*Priority will be given to those candidates who can join us immediately.*

We do fair and transparent screening . Candidates who are eligible with the above qualities can drop their CV at **admin@aakarshannepal.org, by 17th August, 2022**

AAKARSHAN INTERNATIONAL PVT. LTD.
Govt. Lic. No.: 609/062/063
Aakarshan Building, Shambhu Marga (Near Airport), Katmandu, Nepal
Email: contacts@aakarshannepal.org| web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 01-4474178




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**